# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

शिक्षालाई मानिसका आधारभुत आवश्यकता भित्र राखिएको छ । शिक्षा जन्मसिद्ध अधिकार हो । प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने अधिकार बराबर छ । समाज विकासको मूल आधार नै शिक्षा हो । औपचारिक शिक्षा आर्जन गर्ने थलो विद्यालय हो । विद्यालयमा नियमित रूपबाट सङ्गठित र योजनाबद्ध ढङ्गले शिक्षा प्रदान गरिनुका साथै ज्ञान, सिप, तथा अनुभवरूपी ज्योतीद्वारा विद्यार्थीलाई आलोकित पार्ने गरिन्छ । विद्यालय एउटा ज्ञान आर्जन तथा सीप विकास गर्ने थलो हो । यसका अतिरिक्त विद्यालयलाई सामाजिक साँस्कृतिक , मूल्य मान्यता र आदर्शतालाई नयाँ पुस्तामाहस्तन्तरण गर्ने एक सशक्त माध्यमहुनका साथै तिनको संरक्षण सम्वर्द्धन गर्ने एक महत्त्वपूर्ण निकायका रूपमा लिईन्छ । विद्यालयले बालबालिकाको शैक्षिक सामाजिक, शारीरिक,मानसिक, आर्थिक तथा संवेगात्मक विकासमा सहयोग पुऱ्याउछँ । तसर्थ समाज विकासको मुल आधार सामुदायिक विद्यालयको अन्य पक्षको तुलनामा भौतिक पक्ष सवल र सक्षम हुनपर्दछ ।

नेपालमा प्राचीन समयदेखि बैद्धिक शिक्षा र बौद्ध शिक्षा प्रणालीको विकास हुँदै आएको पाइन्छ । नेपालको आधुनिक शिक्षाको इतिहास जङ्गवहादुर राणा बेलायत भ्रमण पछि वि.सं. १९१० असोज २७ गते आफ्नो दरवार थापाथलीको दाखचोकमा विद्यालय स्थापना गरेपश्चात शुरुवात भएको पाइन्छ । शिक्षा विकासको इतिहासमा वि.सं. १९१५ मा शिक्षाको पद्धतिगत विकासका लागि शिक्षा विभाग, शिक्षा निर्देशनालयको व्यवस्था गरी पहिलो शिक्षा डाइरेक्टर जनरल ववरजङ्लाई वनाइएको थियो भने वि.सं. २००७ सम्म शिक्षाको जिम्मेवारी सेनाको व्यक्तिलाई दिइएको थियो । वि.सं.२००७ सालमा प्रजातन्त्र प्राप्ती पश्चात नेपालमा वर्षायाममा च्याउ उम्रेझै विद्यालय जताततै स्थापना हुनथाले । वि.सं. २००७ साल फागुन ७ गते अन्तरिम सरकारको गठन सगै शिक्षा विकासका लागि शिक्षा मन्त्रालयको पनि गठन भयो । परिणाम स्वरूप वि.सं. २००७ सालमा शिक्षा वोर्डको स्थापना भयो । शिक्षा वोर्डले एउटा शिक्षा योजना आयोग निर्माण गर्न तत्कालीन सरकार समक्ष सिफारीस गऱ्यो । वोर्डको सिफारिसअनुसार वि.सं. २००९ साल चैत्र ९ गते सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । यस आयोगले तत्कालिन शैक्षिक अवस्थाको अध्ययन

गरी वि.सं.२०११ सालमा सरकार समक्ष आफ्नो प्रतिवेदन प्रस्तुत गरियो । यसै आयोगको सिफारिसअनुसार तालिम प्राप्त शिक्षकहरूको आवश्यकता पूर्त्ति गर्न वि.सं. २०१४ भाद्र १४ गते कलेज अफ एजुकेसन् वि.सं. २०१६ बैसाख १ गते देखि लागु हुने गरी प्राथमिक स्कुलको राष्ट्रिय पाठ्यक्रम ल्याइयो भने वि.सं. २०१६ सालमानै त्रिभुवन विश्वविद्यालयको स्थापना भयो । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन पछि वि.सं. २०१८ सालमा सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ गठन भयो त्यसपछि पनि विभिन्न समयमा विभिन्न समिति तथा परिषदहरू बन्दै रहे । यिनै समिति तथा परिषदहरूका सुझावहरूलाई समेटेर एउटा छुट्टै योजना तर्जम गर्ने काम भयो । यस योजनाको नाम "राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८" रहयो । यस राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लाई कार्यान्वयनमा ल्याइयो । यसले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरू ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरूको निर्धारण, पाढ्यक्रम पाढ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक सङ्गठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरूमा उल्लेखनीय योजनाहरू प्रस्तुत गरियो ।

वि.सं. २०४६ सालमा प्रजातन्त्र पुन : स्थापना भए पश्चात वि.स. २०४७ साल फागुन २४ गते आयोग गठन भयो । यस आयोगलाई तत्कालिन शिक्षा मन्त्रिको अध्यक्षतामा वि.स. २०४८ साल श्रावण १३ गते पुनर्गठन गरियो । पुनर्गठित आयोगका १६ जना सदस्यहरूको अथक प्रयासबाट वि.स. २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को नाममा यो प्रतिवेदन जनसमक्ष आयो । यस आयोगले शिक्षा विकाशको ऐतिहासिक पृष्ठभूमिको आधारमा वर्तमान अवस्थाको समेत विश्लेषणात्मक अध्ययन प्रस्तुत गरी भविष्यमा लिइनुपर्ने नीति र चालिनु पर्ने पाइलाहरूलाई सुझावको रूपमा प्रस्तुत गऱ्यो । वि.स. २०५४ साल जेष्ठमा पून : शिक्षा विकाश गर्नका लागि उच्चस्तरीय शिक्षा आयोगको गठत गरियो । यस आयोगले वि.स. २०५५ मा आफ्नो प्रतिवेदन बुझायो (राजवशीं, २०६७ ) ।

विद्यालय व्यवस्थापन समितिको कामहरू मध्ये एक काम विद्यालयको भौतिक पक्ष सुधार गर्नु पनि हो । एउटा शरीर वन्न विभिन्न तत्त्वहरूको आवश्यक पर्दछ । त्यस्तै विद्यालय वन्न विभिन्न पक्षहरूको आवश्यकता पर्दछ । जस्तै आर्थिक पक्ष, भौतिक पक्ष, शैक्षिक पक्ष आदि यस मध्ये भौतिक पक्ष को प्रमूख भूमिका रहन्छ । त्यस्ता तत्त्वहरू जग्गा, भवन, कक्षाकोठा,

फर्निचर, चर्पि, खेलमैदान, घेराबारा इत्यादि हुन । भौतिक पक्षले विद्यालयको अरू पक्षसँग निकटतम सम्बन्ध राखदछ । विद्यालयको भौतिक पक्षमा अस्तव्यस्तताको कारण विद्यार्थीहरू विकर्षण हुनुका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नमा व्यवधान उत्पन्न हुन्छ । अर्को शब्दमा विद्यालयको स्थापना, सञ्चालन गर्न न्युनतम रूपमा चाहिने आवश्यक तत्त्वहरू भवन, जग्गा, कक्षाकोठा, फर्निचर, खेलमैदान, घेरावेरा, चर्पि र कार्यालय आदिको समाष्टिगत रूप नै भौतिक पक्ष भनिन्छ । शिक्षकले विद्यार्थीहरूलाई उपयूक्त बैज्ञानिक व्यवहारिक ज्ञान, सीप र अभिबृद्धि विकास गराउन आवश्यक गर्ने सुविधालाई भौतिक सुविधा भनिन्छ (श्रेष्ठ र बस्न्यात, २०६६) ।

नेपाल सरकारले अङिगकार गरेको विकेद्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ (सातौं संसोधन २०५८ समेत) मार्फत सामुदायिक विद्यालय ब्यवस्थापन समितिमा अभिभावकहरूबाट छानिएका प्रतिनिधीहरू रहने प्रावधान राखी समुदायलाई अधिकार सम्पन्न बनाउने ब्यवस्था भएको छ (विद्यालय संचालन, कार्य प्रणाली निर्देशिका, २०६०) ।

नेपालको शिक्षा क्षेत्र जनसहयोगबाट चलिआएको इतिहास छ । विद्यालय व्यवस्थापन पक्षको इतिहास ज्यादै पुरानो नभएतापनि वि.सं. २००७ सालमा प्राप्त प्रजातन्त्र पश्चात औपचारिक रूपमा विद्यमान विद्यालयहरू व्यवस्थित र संङ्गठित गरेको पाइन्छ । त्यस यताका नेपालमा शिक्षा केन्द्रिय सरकार र केहि हदसम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्र रूपले सङ्गठित थियो । केन्द्रीय मन्त्रालयको नियन्त्रणको हद विद्यालयहरूलाई दिईएको आर्थिक सहायताको रकमबाट निश्चित गरिएको थियो यस कुराको निश्चय गर्न विद्यालय अर्थात सम्पूण केन्द्रीय सरकारबाट प्रवन्ध र सहायता गराएको विद्यालय पाठशालाहरू पहिले स्वतन्त्र खुलेका तर अहिले कुनै प्रभावमा परेका र केन्द्रीय सरकारबाट केही परिमाणमा सरकारी आर्थिक सहायता पाएको विद्यालय र पाठशालाहरू तथा प्रवन्ध र अर्थ दुबैमा स्वतन्त्र चालिरहेको स्वतन्त्र विद्यालयहरू प्रजातान्त्रिक रीतिबाट रोजिएको शिक्षा समिति वा प्रवन्ध समिति मार्फत केन्द्रीय सरकार र ग्राम सरकारी अधिकारीहरूको संयूक्त प्रवन्ध र अर्थबाट चल्ने राष्ट्रिय नाम दिइएका विद्यालय पाठशालाहरू । वर्तमान समयमा सरकारी विद्यालय पाठशालाहरू बाहेक अरु सारा शिक्षालयहरू पढाई शुल्क सङग्रहबाट पनि केहि पाउदै थियो । शिक्षा मन्त्रिको मातहतमा शिक्षालाई हेर्ने एक शिक्षा सचिव दुई उपसचिव, तीन, सहायक सचिव आदिको एक समिति मन्त्रीय तहमा हुन्थ्यो यसका अतिरिक्त मुख्य

सञ्चालक र दुई अरु सञ्चालक विद्यालय निरिक्षक तथा अन्य पदाधिकारी निर्धारण र कार्यान्वयन गरिन्थ्यो । यस कार्यमा सहायता गर्न बीस सदस्यको एक राष्ट्रिय शिक्षा समितिको व्यवस्था गरिएको   थियो ।

वि.सं. २००९ मा एक निरीक्षक, तीन उपनिरीक्षक र आवश्यक मद्दतहरू सहित सात प्रादेशिक विभाग यी विद्यालय पाठशालाहरूको निरीक्षक र तिनका उपनिरीक्षकहरू जनशिक्षा सञ्चालक प्रति उत्तरदायि थियो । प्रर्त्यक सरकारी पाठशाला का प्रधानाध्यापक, निरीक्षण अड्डा र प्राय सल्लाहसमिति भएको एक प्रवन्ध समिति प्रति जवाफदेही थिए । प्रत्यक सरकारी सहायता प्राप्त विद्यालयका प्रधानाध्यापक र प्रबन्ध समितिले निरीक्षण, सल्लाह र सरकारी रकमको हिसावका निम्ति जवाफदेहि थियो । सरकारी सहायता प्राप्त गर्ने विद्यालयहरूलाई आवश्यक निरीक्षण गर्नु पर्दथ्यो र आवश्यक निरीक्षणका लागि स्वतन्त्र विद्यालयहरूमा पनि निवेदन गर्ने व्यवस्था थियो । यी स्वतन्त्र विद्यालयहरूमा प्रवन्ध समितिले  धेरै मात्रामा प्रवन्धकीय नियन्त्रण राख्दथ्यो । प्रवन्ध समिति प्रायजसो ७ देखि १५ जना सम्म हुन्थ्यो । यसमा शिक्षक आमाबाबु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी वा जानकार मानिसहरूले प्रतिनिधित्व गर्दथे । राजनैतिक परिवर्तनका साथै जनचेतना अभिवृद्धि भएकोले  विद्यालयको आवश्यकता पनि बढन थाल्यो । फलस्वरूप विद्यालय शिक्षालाई सङ्गठित तथा विकसित गर्नका लागि शिक्षा ऐन २०२८ अनुसार विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने भनि अधिकार प्रदान गरी १० जना सदस्य रहने विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था गरियो । यसको पदावधि ३ वर्ष कायम गरियो । वि.सं. २०३६ मा प्राथमिक विद्यालय सञ्चालन समितिमा ५ देखि ७ जना सम्म र अन्य विद्यालयहरूमा ९ देखि ११ जना सम्म समितिको व्यवस्था गरिएको  थियो । यस समितिमा विद्यालयका प्रधानाध्यापक अभिभावक शिक्षा तथा समाजसेवी चन्दादाता तथा जिल्ला शिक्षा अधिकारीका प्रतिनिधिहरू रहने व्यवस्था थियो । विद्यालय सञ्चालक समितिको पदावधि चार वर्ष थियो । यसका अध्यक्ष तथा सदस्य जिल्ला शिक्षा समितिले मनोनित गरेको र सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदेन सदस्य सचिव रहने व्यवस्था थियो । भौतिक सुविधा जुटाउने विद्यालय सम्पतिको संरक्षण र सम्वर्दन गर्ने कार्यका साथै संञ्चालक समितिले शिक्षकको नियूक्ति, सरुवा, वढुवाको सिफारिस गर्ने तथा शिक्षकहरूलाई पुरस्कार र दण्ड दिने अधिकार पनि थियो (राजवंशी, २०६७) ।

शिक्षा ऐन २०२८ को सातौ संसोधन २०५८ मा व्यवस्था गरी सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने निति सरकारले अगाडी सारेको छ । शिक्षा ऐन २०२८ को आठौ संसोधनमा शिक्षा अध्यादेशको दफा ११(थ) मा भनिएको छ । कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय निकाय व्यवस्थापन  समिति वा संस्थालाई जिम्मा दिन सकिनेछ । यसरी व्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनको अधिनमा रहि एक मुष्ठ अनुदान रकम दिइने छ । २०६३ को संसोधनअनुसार स्थानीय निकाय वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिन चाहेमा आवश्यक कानुनी प्रकृयाहरू पुरा गरी जिम्मा दिन सकिने व्यवस्था गरिएको छ । यस समितिले शिक्षक नियूक्ति तथा त्यसरी नियूक्ति शिक्षकहरुको बढुवा तोकिए वमोजिम हुने गरी व्यवस्था गरिएको छ (पौडेल, २०६३) ।

सामुदायिक विद्यालयलाई प्रभावकारी बनाउन विद्यालय व्यवस्थापन समितिको भूमिका महत्त्वपूर्ण रहन्छ । विद्यालयको आर्थिक, भौतिक, शैक्षिक पक्षमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समितिले विभिन्न किसिमका रचनात्मक कार्यहरु गर्न सक्दछन् । व्यवहारिक रूपमा विद्यालयको भौतिक सुधारमा प्रत्यक्ष सहभागिता रहन्छ । भौतिक पक्षले शैक्षिक प्रकृयामा महत्त्वपूर्ण भुमिका खेल्दछ ।

## १.२ समस्याको कथन

विद्यालय तहको शिक्षण प्रभावकारी भएमात्र बालबालिकाको माथिल्लो तहको शिक्षण प्रभावकारी बन्न सक्दछ । तसर्थ विद्यालय तहको शिक्षणलाई व्यवस्थित गर्न विद्यालयका भौतिक पूर्वाधारहरू जस्तै भवन, कक्षाकोठा, फर्निचर, कार्यालय, शौचालय, खेलमैदान, पुस्तकालय, खानेपानी, प्रयोगशाला, फुलवारी, साइकल स्टेण्डलाई व्यवस्थित र आकर्षण बनाउन जरुरी हुन्छ ।

विद्यालय व्यवस्थापन समितिले जिल्ला शिक्षा कार्यालय स्रोतकेन्द्र र विद्यालय बीच असल सम्वन्ध राखेर विद्यालयको भौतिक, आर्थिक र शैक्षिक व्यवस्थालाई सुदृढ वनाउनु पर्ने हुन्छ । तसर्थ विद्यालय व्यवस्थापन समितिको भूमिका के कस्तो भएमा विद्यालयको चौतर्फी

विकास र उन्नति हुन्छ भन्ने बारेमा अध्ययन गर्न प्रस्तुत सामुदायिक विद्यालय व्यवस्थापनमा व्यवस्थापन समितिको भूमिका शीर्षकलाई लिएको छ ।

सामुदायिक विद्यालयलाई प्रभावकारी रूपले भौतिक व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति गठन गरिएको हुन्छ। व्यवस्थापन समिति सक्रिय भएमा विद्यालयको आर्थिक, शैक्षिक लगायत भौतिक पक्ष पनि सवल र सुदृढ हुन्छ। विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूमा आफ्नो जिम्मेवारी बोध नभएमा विद्यालयको भौतिक पक्ष लगायत अन्य पक्ष अस्तव्यस्त हुन्छ। विद्यालयको भौतिक निर्माणमा संरक्षण र सुदृढिकरण गर्न विद्यालय व्यवस्थापन समितिको प्रमुख भूमिकाहरूको खोजी गर्नु यो शोधपत्रको मुख्य विषय रहेको छ । सामुदायिक विद्यालयमा प्रस्तुत विषयवस्तुसगँ केन्द्रित रहेका केही प्रमुख प्रश्नहरू यस प्रकारका रहेको छ ।

सामुदायिक विद्यालयको भौतिक अवस्था कस्तो छ ? सामुदायिक विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रति दायित्व क्षमताका साथ वहन गरेको छ । सामुदायिक विद्यालय व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी र दाहित्व निर्वाहगर्न के के गर्नु पर्दछ। भौतिक पक्षको व्यवस्थापनमा विद्यालय व्यवस्थापन पक्षले कस्तो भूमिका खेलेको छ। सामुदायिक विद्यालयको भौतिक पक्षको सुधारमा विद्यालय व्यवस्थापन समिति कतिको सक्रिय छ। के भौतिक पक्षको अभावमा शैक्षिक गुणस्तरलाई अभिबृद्धि गर्न सकिन्छ। सामुदायिक विद्यालय व्यवस्थापन समितिको सक्रियताले शैक्षिक विकास र शैक्षिक गुणस्तरमा अभिबृद्धि हुन सक्दछ। सामुदायिक विद्यालयको भौतिक पूर्वाधारलाई निर्माण गर्न कहाँबाट आर्थिक स्रोत जुटाउन सकिन्छ। सामुदायिक विद्यालय व्यवस्थापन समितिको बर्तमान भूमिकालाई अझ सशक्त र प्रभावकारी वनाउन के कस्ता कार्य गर्नु पर्दछ। समुदाय र विद्यालय विच सम्वन्ध सुमधुर पार्न विद्यालय व्यवस्थापन समितिले के कस्ता भूमिका निर्वाह गर्नु पर्दछ।

## १.३ अध्ययनको औचित्य

नेपाल सरकार तथा विभिन्न निकायले सामुदायिक विद्यालयको भौतिक सुधारमा वृद्धि गर्न विभिन्न कार्यक्रमहरू ल्याएको भएता पनि यसमा सुधार आउन सकेको छैन्। विद्यालयमा प्राप्त भौतिक सुविधा नहुदा अध्ययन अध्यापनमा समस्या देखिएको छ। विद्यालयको भौतिक

विकासमा देखिएको समस्या, स्थिति पहिचान गरी कारण खोजी गर्नुले नै यस अध्ययनको महत्त्व दर्शाउछ ।

सामुदायिक विद्यालयको भौतिक सुधार गर्न नेपाल सरकारले समय समयमा शिक्षा ऐन तथा नियमावलीमा विभिन्न किसिमको परिर्वतन गरी वि.व्य. स. को काम कर्तव्य अधिकार सम्बन्धि व्यवस्था गर्दै आएको भएतापनि सुधार हुन सकेको छैन । भौतिक पक्षमा सुधार नभई शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिदैन । यस अध्ययन क्षेत्रमा देखिएका सामुदायिक विद्यालयको वर्तमान भौतिक अवस्था र सुधारमा देखिएको कमि कमजोरी सुझाई शिक्षा बिद्ध योजनाकार तथा प्रशासकलाई यस क्षेत्रमा तार्किक निर्णय लिन यो अध्ययन उपयोगि छ ।

## १.४ अध्ययनको उद्देश्य

यस सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनमा व्यवस्थापन समितिको भूमिका शिर्षक अध्ययनको उद्देश्य निम्न अनुसार रहने छन् ।

(क) सामुदायिक विद्यालयको भौतिक पक्षको पहिचान गर्नु ।

(ख) विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका विश्लेषण गर्न ।

(ग) विद्यालयको भौतिक सुधारमा देखिएका समस्या पहिचान गरी सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नावलीहरू

यस अनुसन्धानका लागि छनोट गरीएका उद्देश्य अनुसारका तथ्याङ्कहरू संङ्कलनका लागि साधनको निर्माण गर्न देहाय अनुसारको अनुसन्धानात्मक प्रश्नहरू निधारन गरिएको छ ।

(क) सामुदायिक विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो छ ?

(ख) विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ ?

(ग) सामुदायिक विद्यालयको भौतिक सुधारमा देखिएका प्रमुख समस्या के के हुन ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन सुनसरी जिल्लाको भा.सि स्रोत केन्द्र अन्तर्गत बक्लौरी गा.वि.स. भित्र संचालित सामुदायिक विद्यालयहरूको भौतिक व्यवस्थापन र विद्यालय व्यवस्थापन समितिको भूमिकामा केन्द्रित गरिएको छ । विद्यालयको भौतिक पक्ष अन्तरगत भवन, कक्षाकोठा, फर्निचर, कार्यलय, शौचालय, पुस्तकालय, खेलमैदान, खानेपानी घेरावेरा आदिलाई मात्र अध्ययन गरिएको थियो । अध्ययनका लागि सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी प्र.अ. तथा शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिलाई मात्र अध्ययनको क्षेत्र कायम गरिएको थियो । यस अध्ययन कार्य विद्यालयको अन्तिम दुई वर्ष वि.स. २०६७ र वि.स. २०६८ लाई मात्र अध्ययन गरिएको थियो । यो अध्ययनमा सामुदायिक विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिकामा मात्र केन्द्रित रहेको छ ।

## १.७ महत्त्वपूर्ण शब्दावलीहरूको परिभाषा

(क) वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति । नेपाल सरकारले विद्यालयलाई रेखदेख निरीक्षण गर्न समुदायद्वारा गठन गरिएको समिति ।

(ख) शि.अ.स. : शिक्षक अभिभावक संघ । नेपाल सरकारले विद्यालयको चौतर्फी विकास गर्न गठन गरिएको संघ ।

(ग) स्रोतकेन्द्र : नेपाल सरकारले शिक्षा क्षेत्र अन्तरर्गत जिल्ला कार्यलय भन्दा तल ४/५ गा.वि.स. भित्र पर्ने विद्यालयलाइृ रेखदेख र शैक्षिक कार्यक्रम एकिकिरण गर्ने निकाय हो ।

(घ) गा.वि.स. : गाउँ विकास समिति । गाउँको विकास गर्न गठन गरिएको हो ।

(ङ) उ.मा.वि. : उच्च माध्यमिक विद्यालय । कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालित विद्यालय ।

(च) मा.वि. : माध्यमिक विद्यालय

(छ) प्रा.वि. : प्राथमिक विद्यालय

## परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस शोधपत्र खोजमूलक अध्ययन अनुसान्धानमा भएकोले पूर्व साहित्यको अध्ययन गरी आधारको रूपमा प्रयोग गर्नु पर्ने हुन्छ । पूर्व अध्ययन अनुसन्धानबाट भएका कार्यको समिक्षाबाट सम्वन्धित विषयमा के कस्ता अध्ययन अनुसन्धान भए र ति अध्ययनले समेट्न नसकेका पक्षको ज्ञान अन्तर पत्ता लगई अध्ययन गर्न सहयोग गर्दछ । यस्ता सिद्धान्त, पुस्तक, लेख, रचना, समीक्षा आदि पूर्व साहित्यलाई वर्तमानको अनुसन्धान विषय सँग सम्वन्ध र तुलना गरी समीक्षा गरिएको थियो ।

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

आचार्य (२०५५) का अनुसार बर्तमान शिक्षा नियमावलीले पनि शिक्षामा जनसहयोगिता जुटाउने उद्देश्यले विद्यालय व्यवस्थापन समितिलाई अधिकांश कुराहरू जिम्मा दिएको पाइन्छ । जस्तै विद्यालयको संचालन रेखदेख नियन्त्रण, निरिक्षण, व्यवस्थापन गर्ने विद्यालय व्यवस्थापनको लागि चाहिने आर्थिक स्रोत जुटाउने शिक्षकहरूको अस्थायी पदपूर्ति शिक्षाकार्य लगायत अनुमति लिई गर्ने, विद्यालयको लागि भौतिक साधनहरूको व्यवस्थ गर्ने, विद्यालयको चल अचल सम्पतिको लागत राख्ने राख्नलगाउने सुरक्षागर्ने र विद्यालयको शैक्षिस्तर बृद्धिगर्न आवश्यक सामान तथा शैक्षिक सामाग्रीहरू व्यवस्था गर्ने आदि जिम्मेवारी सुम्पेको तर गर्न नसकेको तथ्यलाई औल्याएको छ ।

सुवेदी (२०६०) को अनुसार सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरणको पृष्ठभूमि हालको प्रकृया, समस्याहरू समाधानको उपायहरूको बारेमा चर्चा गरिएको छ । वि.स २०६० साल पौष १८ गते सम्म नेपाल अधिराज्यमा ३६ जिल्लामा ५५३ वटा विद्यालयका प्रथमिक तह हस्तान्तरण भइसकेको जनाइएको छ । सो लेखमा विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानीय वातावरण, आवश्यकता र समस्या अनुसार कस्तो ज्ञान, सिप बालबालिकालाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनु पर्ने निश्कर्ष दिईएको छ । यसबाट स्वास्थ्य प्रतिस्पर्धा हुनगई गुणस्तरीय शिक्षाको पहुँच हुनेछ । जसमार्फत शैक्षिक क्षति कम हुन गई सामुदायिक विद्यालयप्रति अपनत्व बढ्ने एवम सञ्चालनमा सहजता आउने कुरा लेखिएको छ ।

दाहाल (२०६१) का अनुसार समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्य शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रम प्रजातन्त्रको अभ्यास हो । शैक्षिक प्रजातन्त्रिकण र शैक्षिक विकेन्द्रीकरण एकै सिक्काका दुईपाटा हुन । बिकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्ययोजन गरी शिक्षामा सरोकारवालाहरूलाई जवाफदेहि र उत्तरदायिक बनाउने कार्य नै हो । शिक्षकहरू प्रजातन्त्रको विपक्षमा पक्कै छैनन् । प्रजातन्त्रलाई आत्मसाथ गरेका छन भने विकेन्द्रीकरणको प्रकृयालाई असहमती जनाउन बिद्धान शिक्षकले पाउने छैनन् । शिक्षकहरू असहमति देखिने २ वटा बुदाँ छन् । (१) शिक्षा राज्यको दायित्व हो । राज्य शिक्षाको दायित्व बाटा आफु अलग हुन खोजीरहको छ । (२) शिक्षामा राजनितीकरण भई शिक्षकले दुःख पाउने र पठनपाठनमा बाधा पुगी गुणस्तरमा कमी आउन सक्ने भनीएको छ । शिक्षकलाई इङिगत गर्दै लेखिएको छ की यदि समुदायमा विद्यालय हस्तान्तरण कार्य विकेन्द्रीकरणको विरुद्धमा र प्रजातन्त्रको विरुद्धमा छ भन्ने शिक्षक मित्रहरूले सम्बन्धित पक्षलाई प्रष्टयाउनु पऱ्यो । यदि प्रजातन्त्र र विकेन्द्रीकरणको पक्षमा छ भने कार्यक्रमलाई सहयोग गर्नु पऱ्यो भनि लेखिएको छ ।

निरौला (२०६२) का अनुसार उच्च स्तरीय शिक्षा आयोग २०५५ ले सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गर्न सिफारीस गरे अनुरूप शिक्षा ऐन तथा नियम व्यवस्था गरी सरकारी विद्यालयलाई समुदाद्वारा व्यवस्थापन गरेको पाईन्छ । यसै प्रसङमा तेह्रथुम जिल्लामा पनि आव २०६०/२०६१ देखि सरकारी विद्यालयको व्यवस्थापन समुदायले गरी जिम्मा लिएको पाईन्छ । यस शोधपत्रमा उल्लेखित विषयको अध्ययनबाट सरकारी विद्यालयको व्यवस्थापन समुदायले गरी जिम्मा लिएको पाईन्छ । यस शोधपत्रमा उल्लेखित विषयको अध्ययनबाट सरकारी विद्यालको व्यवस्थापन समुदायद्वारा हुँदा शैक्षिक विकास एवंम गुणस्तरमा आउने सुधार अध्ययन गर्ने, विद्यालय समुदाय विचको सम्बन्धमा अध्ययन गर्ने, विद्यालय समुदाय विचको सम्बन्धमा अध्ययन विद्यालयको भौतिक सुधारको जाँच गर्ने, समुदायले अफ्नो दायित्व तथा जिम्मेवरीलाई बहन गर्न सक्ने नसक्ने कुराको जाँच गर्ने साथै कमी कमजोरीहरूको सुधार गर्न सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू निहित छन ।

पाण्डे (२०६७) का अनुसार अमेरिकामा सार्वजनिक सामुदायिक स्कुलहरूमा पठनपाठनमा सुधारल्याउन विद्यालय व्यवस्थापन समिति अर्थात वोर्डका सदस्यलाई

कक्षाकोठामा पढाउनु पर्ने तर्क अगाडि सारेको प्रसङ्गमा नेपालमा भर्ने विद्यालय व्यवस्थापन समितिमा वस्नका लागि डर, धम्की, त्रास, लोभ, लालचाका अतिरिक्त हत्या-हिँसा समेत हुनथालेका छन् । यो अत्यतै बर्बर र जङ्लीपनको पराकाष्ठ हो । विद्या समम नास्ति शरीर भूषणम अर्थात विद्या जस्तो शरीर अर्को कूनै गहना छैन । त्यसैले यस्था शैक्षिक संस्थामा कामगर्ने व्यक्ति प्रथमत : आफु नै शिक्षित हुनुपर्ने आजको युगको माग हो । विभिन्न व्यक्तिका रुचि र चाहनाहरू  फरक-फरक हुन्छन । व्यक्तिलाई उसको रुचि अनुसार काममा लगाउदा राम्ररी कार्य सम्पन्न हुन सक्दछ । विद्यालय सामाजिक संस्था हो र यसमा समाजको प्रतिछाँया प्रतिविम्व हुनु पर्दछ । समाजका हरेक व्यक्तिलाई क्षमता अनुसारको ठाँउ दिएमा उसले त्यस संस्थाप्रति अपनत्व दर्शाइ उन्नतिमा लाग्छ । आर्थिक हौसियत भएकाले अर्थ व्यवस्थामा सहयोग, श्रम र सीप हुनेले श्रमदान गर्नले विद्यालय अगाडि बढने मार्गचित्र कोरिन्छ ।

## २.२ सैद्धान्तिक खाका

अल्फ्रेड मार्शलल (१८९०-१९३२) पनि शिक्षालाई राष्ट्रिय लगानीको रूपमा स्वीकार गरेका   छन । उनको भनाई अनुसार मानवहरूकै निमित लगानी गरिएको पूँजी सबभन्दा महत्त्वपूर्ण हुन्छ । टोडारोको कथन छ कि कुनै पनि राष्ट्रको सामाजिक तथा आर्थिक विकासको गति त्यस देशको पूँजी र भौतिक स्रोतले होइन कि मानविय स्रोतले निश्चित गर्दछ  । हार्विसन पनि टोडारो सँग सहमत छन । उनि भन्दछन, राष्ट्रहरूको सम्पदाको अन्तिम आधार नै मानवीय स्रोत हो । उनका अनुसार पूँजि र प्राकृतिक स्रोतहरू उत्पादनका निष्क्रिय स्रोतहरू हुन । मानव प्रणलीहरू नै उत्पादनका सक्रिय हभिकरण हुन । जसले पूँजी संचय गर्दछन, स्रोतहरूको परिचालन गर्दछन , सामाजिक,आर्थिक तथा राजनीतिक संगठनहरू निर्माण गर्दछन र राष्ट्रिय विकास कार्यलाई अगाडि बढाउँछन । हार्बिसन स्पष्टसँग भन्दछन कि जुन देशले आफ्नो जनताहरूको प्रभावकारी ढांगबाट राष्ट्रिय अर्थतन्त्रका लगि सदुपयोगमा ल्याउन सक्दैन, त्यसले केहि पनि प्रप्त गर्न सक्दैन । आजका अर्धविकास मुलुकहरूको आधारभुत समस्या प्राकृतिक स्रोतको दरिद्रा होइन, बरु होके त भन्ने मानविय स्रोतको अर्धविकास । त्यसैले यी राष्ट्रहरूको पहिलो एक मात्र कार्य मानवीय पूँजीको विकास गर्नु हुनुपर्दछ  (विष्ट, २०५०) ।

टेलर (१८५६-१९१७), का अनुसार कामदारको कार्यदक्षता बढाएर बढाउन सकिने कुरामा जोड दिई बैज्ञानिक ब्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेका छन् । “बैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गर्न दिएमा उनिहरूले राम्रो र क्रिफायति ढंगले सम्पन्न गर्न सक्दछन भन्ने कुराको सही ढ.गले जान्ने कला हो ।” सन १८५६ मा फ्रान्समा जन्मिएका एफ.डब्लु टेलर ले अमेरिकाको फिलाडेल्फियामा रहेको मोड्भेल स्टील कम्पनीमा फोरमेनको रूपमा काम शुरु गरे । कडा परिश्रमका बाबजुद ३ वर्षमा नै कम्पनीको समुह प्रमुख बन्न सफल भए । त्यसको ४ वर्ष पछि मुख्य प्राविधिक भए । सानो तहबाट माथिल्लो तहसम्म पुगेका आफ्नो अनुभव, कम्पनीमा गरेका कामहरू, व्यवस्थापनका पक्षहरू, कामदारको कार्यप्रगति र उत्साह, जागरूपता अल्छिपना कामदारको क्षमताको उपयोग र आकषर्ण जस्ता कुराले टेलर लाई प्रत्यक्ष प्रभाव पारिरहेको थियो । उनले सन १९११ मा बैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिवेदन गरे । वास्तवमा वैज्ञानिक ढंगबाट कामदरको छनोट गर्नु व्यवस्थापक र कामदार बीच सम्बन्ध स्थापित गर्नु वैज्ञानिक ढाँचाले ज्याला निधारण र स्पष्ट कार्य विभाजन गर्न यसका सिद्धान्तहरू हुन । यस सिद्धान्तलाइ फ्रेडक गिल्बर्थ हेनरी गान्ट र इमर्सन र आदिले समर्थन र सहयोग गरेका छन (कोईराला र श्रेष्ठ, २०५९ ।

हेनरी फोयल (सन १५४१-१९२५) का अनुसार ब्यवस्थापन प्रकृया विश्वव्यापी कार्यभएकोले ब्यवस्थापनको प्रकृया, पद्धति र कार्यको आधारमा यो सिद्धान्त विकासित भएको हो । यो सिद्धान्तलाई पनि शास्त्रीय संगठनात्मक अर्न्तगत राखी विद्धानहरूले विश्लेषण गर्ने गरेका छन । यस सिद्धान्तलाई व्यवस्थपान प्रक्रिया सिद्धान्त पनि भनिन्छ । फ्रान्सको विग्रदो स्थितिमा रहेको कोइला खानीलाई सफल व्यवस्थापन नेतृत्व प्रदान गरी यसले रोमाञ्चकारी इतिहास नै बनाई दियो । आफ्नो ५० वर्षको व्यवस्थापन अनुभवको आधारमा व्यवस्थापकहरूलाई स्पष्ट मार्गनिर्देशन गर्न र व्यवस्थापा अभ्यासलाई व्यवस्थित गर्न उनले ठुलो योगदान दिए । यसले व्यवस्थापन कार्यलाई योजना, संगठन, निर्देशन, समन्वय, नियन्त्रण को रूपमा प्रस्तुत गरे यसको क्रियाकलापहरू क्रमस प्राविधिक, वाणिज्य, बित्तीय, सुरक्षा लेखा र व्यवस्थापन आदि हुन । त्यसैगरी व्यवस्थापनका सिद्धान्तमा कार्यबिभाजन, अधिकार र दाहित्व, अनुशासन, आदेशमा एकता , सामूहिक कल्याण, केन्द्रिकृत, क्रमबद्धता, निष्पक्षता, जागिरको

स्थायित्व, प्रोत्साहन र सहयोगको भावना आदिलाई प्रतिपादन गरेको  छन् (कोइराला र श्रेष्ठ, २०५९ ) ।

## २.३ पुनरावलोकनको उपादेयता

सामुदायिक विद्यालयको भौतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका विषयसँग सम्वन्धित अध्ययन अनुसन्धानको समीक्षागरी त्यसको आवश्यक पृष्ठपोषण लिएर यो अध्ययन अनुसन्धान गरिएकोले अध्ययनलाई सरलता प्रदान गर्न सहयोग पुग्दछ । सामुदायिक विद्यालयमा भौतिक पक्षको अभावले शैक्षिक गुणस्तरमा पार्ने प्रभावहरूको खोजी गरी समस्याको हल गर्ने उपायहरू प्रस्तुत गर्नका साथै प्र.अ. तथा शिक्षकहरू सँग समुदाय र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध सुमधुर छ छैन जानकारी प्राप्त हुन्छ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिको विद्यालय प्रतिको दायित्व तथा जिम्मेवारी बोध गराई विद्यालयको बृति विकासमा सहयेग पुग्न सक्दछ । जिर्ण रहेको सामुदायिक विद्यालयको भौतिक पूर्बाधारहरूलाई मर्मत सम्हार गर्न प्र.अ. तथा वि.ब्य.स.लाई स्रोत जुटाउने उपायहरू अवगत गराउछ । भौतिक निति निर्माताहरूलाई पनि यो अध्ययन अनुसन्धानले सामुदायिक विद्यालयको भौतिक सुधार सम्बन्धि योजना तथा निति वनाउन आधार प्राप्त हुनेछ । विद्यालय ब्यस्थापन सम्वन्धी र भौतिक निर्माण सम्वनधी अध्ययन गर्ने अन्वेषक, अध्ययन अनुसन्धान कर्तालाई तथ्य तथा तथ्याङ्क आधारको रूपमा प्रयोग गर्न सकिनेछ ।

यस अध्ययनको क्रममा प्रयोग भएको विभिन्न विद्वानहरूको सिद्धान्त र सम्बन्धी लेख रचनाले विद्यालय ब्यवस्थपन समितिको काम कर्तब्य र अधिकारको जानकारी गराउन सक्दछ । सामुायिक विद्यालयमा हुने गरेको विभिन्न क्रियाकलापमा वि.ब्य.स. का पदाधिकारीहरू लाई सहभागिका लागि नयाँ आयाम थप्न जान्छ । सामुदायिक विद्यालयमा हुने भौतिक निर्माण, जस्तै भवन, शौचालय, खानेपानी, फर्निचर, घेरावेरा, मर्मत जस्ता  कार्य कसरी हुनेगरेको छ भन्ने सुचना प्राप्त हुन्छ  । यसको अतिरिक्त विद्यालय ब्यवस्थापन समितिले विद्यालयको भौतिक निर्माणमा समुदायको सहयोग लिई समुदायलाई सक्रिय बनाउने गरेको छ छैन जानकारी प्राप्त हुन्छ ।

# परिच्छेद तीन : अनुसन्धान बिधि

अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पुरागर्न निश्चित विधि तथा प्रकृयाहरूको अवलम्वन गर्नु पदर्छ । पूर्ण निधारित विधि तथ प्रकृया अवलम्वन गरिएन भने सहि निष्कर्ष निकाल्न कठिन हुनु जान्छ । त्यसैले अनुसन्धानमा अध्ययन विधि पूर्व निर्धारित हुनु पर्दछ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन मुख्यतया सर्वेक्षण विधिमा आधारित भएर गरिएको थियो । तसर्थ गुणात्मक विधि र परिमाणात्मक विधिको प्रयोग गरिएको थियो । अध्ययनमा वर्णनात्मक पद्धितिको प्रयोग गरिएको थियो ।

## ३.२ जनसख्या

भादगाउँ सिनुवारी स्रोतकेन्द्र अन्तरगत पर्ने ५ वटा गा.वि.स. अन्तरगत बक्लौरी गा.वि.स.मा पर्ने १ उच्च मा.वि. २ वटा मा.वि. २ नि.मा.वि. २ वटा प्रा.वि. सामुदायिक विद्यालयलाई आधार मानि सरोकार राख्ने विद्यालय तथा विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स., शि.अ. संघ, अभिभावक तथा विद्यार्थीलाई जनसंख्याको रूपमा लिएको थियो ।

## ३.३ नमूना छनोट

यस अध्ययन कार्यका लागि बक्लौरी गा.वि.स. क्षेत्रका सामुदायिक विद्यालय, वि.व्य.स., शि.अ.संघ, प्र.अ. तथा विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

### ३.३.१ नमुना आकार

यस शोधपत्र अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्न बक्लौरी गा.वि.स. अन्तरगत पर्ने ८ वटा सामुदायिक विद्यालय मध्ये ७ वटा छनोट गरिएको थियो । छनोटमा परेका विद्यालयका ७ जना प्र.अ., शिक्षकहरू विद्यालय व्यवस्थापन समितिका ७ जना

अध्यक्ष, ७ जना विद्यार्थीहरू र एकजना स्रोत व्यक्तिहरूलाई नमुनाको आकारमा राखिएको थियो ।

### ३.३.२ नमुना छनोट विधि

अनुसन्धान गर्ने क्रममा समग्रताको अध्ययन गर्न सम्भव नहुन सक्दछ । प्रतिनिधिमूलक सानो एकाईले सम्पूर्ण जनसङख्याको प्रतिनिधित्व गरेको छ भने मान्यताबाट सम्योग नमुना छनोट र उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको थियो । साथै सुविधाजनक विधिको पनि प्रयोग गरिएको थियो ।

### ३.३.३ नमुना छनोट आधार

नमुना छनोट गर्दा कूल जनसंख्याको २० देखि ३० प्रतिशत नमुना छनोट गर्न उपयुक्त हुन्छ भन्ने अनुसन्धान विधिमा उल्लेख छ । यस अनुसन्धानमा सोही तथ्यलाई आधार मानिएको थियो । प्रस्तुत अध्ययन अनुसन्धान गुणात्मक अनुसन्धान भएकोले नमुनाको आकारमा भन्दा पनि त्यसको गहिरो अध्ययनमा जोड दिएको थियो । यसबाट अनुसन्धानको प्राप्ती, निष्कर्ष, विश्वासनीय, बैध र प्रतिनिधिमूलक हुने विश्वास गरिएको छ ।

### ३.४ अनुसन्धानका साधन

यस अध्ययन अनुसन्धानलाई मूर्त रूप प्रदान गर्न प्र.अ., शिक्षक तथा वि.व्य.स. का अध्यक्षहरूका लागि प्रश्नावलीको प्रयोग गरिएको थियो । विद्यालयको वि.स. २०६७ र २०६८ को भौतिक अवस्थाको स्थिति पत्ता लगाउन अवलोकन फारामको निमार्ण तथा प्रयोग गरिएको थियो । विद्यालयको भौतिक अवस्था बारे जानकारी लिन छलफल निर्देशिकाको प्रयोग गरिएको थियो । निमार्ण गरिएका सामाग्रीहरू, प्रश्नावली, अन्तर्वार्ता, अवलोकन फाराम, तथा छलफल निर्देशिकाको मस्यौदा तयार गरिएको थियो । उक्त मस्यौदा माथि विषय विशेषज्ञ, शोध निर्देशक र सहपाठी मित्रहरू बीचमा अध्ययन तथा छलफल गरिएको थियो । छलफलबाट प्राप्त सुझाव अनुसार सामाग्रीलाई सुधार गरिएको छ ।

## ३.५ तथ्याङ्कका स्रोत

यस अध्ययनको बिषयसंग सम्वन्धित तथ्याङकहरू सङ्कलन गर्न प्राथमिक र द्धितीय स्रोतहरूको प्रयोग  गरिएको थियो ।

**(क) प्राथमिक स्रोत :** नमुनाको रूपमा छनोट भएका विद्यालय समुदायमा स्वयम स्थलगत भ्रमणम गरि सम्वन्धित पक्षसँग अन्तवार्ता लिई पश्नावली गर्ने काम गरिएको थियो । विद्यालयको अभिलेख अध्ययन गरी रुजुसुचीलाई उपयोग गरिएको थियो । प्र.अ. तथा जम्मेवार कर्मचारी सँग जिज्ञासा तथा सुझाव लिने काम गरिएको थियो ।

**(ख) द्धितीय स्रोत :** विद्यालयका भौतिक तथ्याङक बैठकपुस्तिका, भौतिक निमार्ण समितिका प्रतिबेदन, विद्यालय सुधार योजना साथै विद्यालय ब्यवस्थापन समितिको कार्यबारे प्रकाशन गरेका लेख रचनाहरूलाई अध्ययन गरी तथ्याङ् सङ्.कलन गरिएको थियो।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन गर्न निर्माण गरिएका साधनहरूलाई लिएर नमूना विद्यालयमा गएर प्र.अ. शिक्षक, विद्यालयको कर्मचारी संग वि.सं.२०६७ सालदेखि २०६८ साल सम्मको विद्यालयको भौतिक सुधारको रेकर्ड फायल अनुसार अवलोकन फारमको प्रयोग गरी सुचना सङ्कलन गरिएको थियो ।  वि.ब्य.स .प्र.अ.र शिक्षक संग छलफल गरिएको थियो । छलफललाई विषय वस्तुबाहिर जान नदिन निर्देशिकाको प्रयोग गरिएको थियो । छलफलबाट उठेका महत्त्वपूण बुँदालाई टिपोट गरि विश्लेषण सहित निष्कर्ष निकालिएको थियो  ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

संकलित तथ्याङ्कलाई अध्ययन उद्देश्य अनुसार शीर्षक तथा सङ्लित तथ्याङ्कबाट पहिचान गरिएको शीर्षकमा सङ्गठित गरिएको थियो  । नमूना छनोटमा परेका विद्यालयहरूको ब्यवस्थापनको इतिहास, सङ्ख्यात्मक विवरण, शैक्षिक सुचना आदि तथ्याङ्कलाई तलिका वनाई राखिएको छ । विद्यालय ब्यवस्थापनमा देखापरेका समस्या तथा विद्यालय ब्यवस्थापन समितिको आवश्यकता र कार्यहरूको तुलनात्मक सूचनाहरूलाई फरक फरक ढङ्गबाट तलिकिकरण

गरिएको थियो । अध्ययनको क्रममा प्राप्त भएको तथ्याङ्कको आधारमा तय गरेको उदेश्य अनुसार विवेचना, विलेषण तथा निष्कर्ष  गरिएको छ । सामुदायिक विद्यालयको भौतिक व्यवस्थापनलाई सुधार गर्न विद्यालय व्यवस्थापन  समितिले अवलम्वन गर्ने उपाय र रणनितिको निमार्ण गरी प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनमा "सामुदायिक विद्यालयको भैतिक सुविधाको सुधारमा व्यवस्थापन समितिको भूमिका स्थितिको खोजि गरिएको छ। सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक अवस्था देखाउने सूचनाको आधारमा विद्यालयको भौतिक तथा शैक्षिक पक्षको प्रगति बारे जानकारी हासिल गर्न सकिन्छ। जसका लागि नमूना विद्यालयका रूपमा छनौट गरिएका सात वटा सामुदायिक विद्यालयहरू (श्री आदर्श उ.मा.वि., पञ्चायत मा.वि.चौसठ्ठी विगाह पञ्चायत मा.वि., पञ्चायतनि.मा.वि., इचौल, जन नि.मा.वि. जमुवा पञ्चायत प्रा.वि. पञ्चायत र सरस्वती प्रा.वि मैनी )बाट आवश्यक तथ्याङक संकलन तरिएको छ। प्रस्तुत सामुदायिक विद्यालयको वि.सं. २०६७ र २०६८ को भौतिक सुविधाको सुधारका तथ्याङकको शैक्षिक गतिविधिहरूलाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ। उक्त समयवधिमा सङकलित तथ्याङकहरूबाट देखिएको परिवर्तनको आधारमा समुदायिक विद्यालयहरूको भैतिक सुधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका वारे आङकलन गर्न सकिन्छ। यस अनुसन्धानका क्रममा सूचना संकलन गर्न अध्ययनकर्ता अध्ययनक्षेत्रमा प्रत्यक्ष उपस्थितिभई अवलोकन फारम अन्तर्वार्ता, प्रश्नावली तथा छलफल निर्देशिकाको सहयोगमा आवश्यक सूचना संकलन गरिएको थियो। यसरी प्राप्त सूचनालाई परिमाणात्मक तथा गुणात्मक दुबै विधिको प्रयोग गरी विभिन्न शीर्षक उप-शीर्षकहरूमा विभाजन गर्दै विश्लेषण र व्याख्या गरिएको छ।

## ४.१ विद्यालयको वर्तमान भौतिक अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा वि.स. २०६७ र २०६८ सालमा भएका भौतिक सुधारका सूचना सङ्कलन गरी प्राप्त सूचना र तथ्याङ्कलाई विश्लेषण गरीको छ।

### ४.१ .१ विद्यालय अभिलेखबाट कक्षा, विद्यार्थी संङ्ख्या र भवन सङ्ख्या :

यस अध्ययनको क्रममा विद्यालयको अभिलेखबाट, वि.व्य.स.को गठन, काक्षा, विद्यार्थी ङख्या र भवन सङख्या सम्वन्धि अभिलेखहरू अध्ययन गरी प्राप्त सूचना र तथ्याङ्कलाई विश्लेषण गरिएको छ।

**तालिका-१**

**वि.व्य.स.को गठन, भवन, कक्षा, र विद्यार्थी सङख्या**

| क.स | विद्यालयको नाम | कक्षा सङख्या | विद्यार्थी सङख्या | भवन सङख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | पक्की | कच्ची | जम्मा |
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | १ –१२ | ८६३ | ४ | – | ४ |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | १ –१० | ७३९ | ३ | १ | ४ |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | १ –१० | ४३४ | ६ | – | ६ |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | १ –८ | ३४५ | २ | – | २ |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | १ –८ | २०५ | ३ | – | ३ |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | १ –५ | १३० | ४ | – | ४ |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | १ –५ | २१५ | ३ | – | ३ |

*स्रोत :विद्यालय अभिलेख, २०६७*

**४.१.२ विद्यालय अभिलेखबाट कक्षा विद्यार्थी सङख्या र भवन सङख्या :**

यस अध्ययनको क्रममा विद्यालयको अभिलेखबमट वि.व्य.स.को गठन, कक्षा, विद्यार्थी सङ्ख्या र भवन सङ्ख्या सम्बनन्ध अभिलेखहरू अध्ययन गरी प्राप्त सूचना र तथ्याङ्कलाई विश्लेषण गरिएको छ ।

**तालिका-२**

**वि.व्य.स.को गठन, भवन, कक्षा र विद्यार्थी सङ्ख्या**

| क्र.स | विद्यालयको नाम | कक्षा सङख्या | विद्यार्थी सङख्या | भवन सङख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | पक्की | कच्ची | जम्मा |
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | १ -१२ | ८४३ | ४ | – | ४ |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | १ –१० | ७५० | ३ | १ | ४ |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | १ –१० | ४६१ | ६ | – | ६ |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | १ –८ | ३७५ | २ | – | २ |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | १ –८ | १९८ | ४ | – | ४ |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | १ –५ | १४० | ४ | – | ४ |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | १ –५ | २११ | ३ | – | ३ |

*स्रोत :विद्यालय अभिलेख, २०६८*

प्रस्तुत तालिका नं. १ र २ मा विद्यालयमा भएको अभिलेख अनुसार शैक्षिक शत्र बि.स.२०६७ र बि.स.२०६८ को संचालित कक्षा सङख्या विद्यार्थी सङख्या र भवन सङख्या उल्लेख गरिएको छ। प्रस्तुत तालिका १ र २ को अध्ययनबाट भने आदर्श उच्च मा.वि. पञ्चायत मा.वि. ८ को विद्यार्थी सङ्ख्या घटेको देखिन्छ। विद्यालयको थप भवन निर्माण गर्नेमा जन नि.मा.वि. मात्र देखिन्छ। विद्यार्थीको वृद्धि नभएकाले भवनको स्तर वृद्धि गर्ने तर्फ वि.व्य.स.ले ध्यान दिनुपर्ने देखिन्छ।

### ४.१.३ विद्यालयको फर्निचर, खेलमैदान तथा जग्गा

यस अध्ययननका लागि नमुनाक्षेत्रमा परेका सामुदायिक विद्यालयमा भएको अभिलेखबाट फर्निचर, खेलमैदान तथा जग्गाको विवरण लिने काम गरिइको छ। यस बाट निम्न सूचना तथा जानकारी प्राप्त भयो।

**तालिका-३**

**फर्निचर, खेलमैदान र जग्गाको विवरण**

| क.स | विद्यालयको नाम | फर्निचर सङख्या | खेलमैदानको अवस्था | जग्गा |
|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | दराज-७ थान<br>टेवल-१३ थान<br>कुर्सि-२१ थान<br>डेस्क वेन्च-२१० जोर | १ विगाहा १ कट्ठा ५ धुर भवन सहित | ३-७-५ |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | दराज-३<br>टेवल-६ थान<br>कुर्सि-११ थान<br>डेस्क वेन्च-१४० जोर | १ विगाहा १९ कट्ठा भवन सहित | ४ विगाहा १७ कट्ठा दर्ताहुन बाँकी १ विगाहा १९ कट्ठा |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | दराज-४ थान<br>टेवल-५ थान<br>कुर्सि-११ थान<br>डेस्क वेन्च-१३५जोर | १५ कट्ठा भवन सहित | १ विगाहा ५ कट्ठा १० धुर |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | दराज-३ थान<br>टेवल-६ थान<br>कुर्सि-२० थान<br>डेस्क वेन्च-७५ जोर | १२ कट्ठा १० धुर | ८ विगाहा १० धुर |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | दराज-२ थान<br>टेवल-३ थान | ७ कट्ठा भवन सहित | १ विगाहा १७ कट्ठा १० धुर |

| | | | | |
|---|---|---|---|---|
| | | कुर्सि-१५ थान<br>डेस्क वेन्च-३५ जोर | | |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | दराज-३ थान<br>टेवल-७ थान<br>कुर्सि-५ थान<br>डेस्क वेन्च-५४ जोर | १६ कठ्ठा भवन सहित | १६ कठ्ठा मन्दिरको नाममा |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | दराज-२ थान<br>टेवल-५ थान<br>कुर्सि-२७ थान<br>डेस्क वेन्च-४५ जोर | | |

*स्रोत :विद्यालय अभिलेख, २०६७*

### ४.१.४ विद्यालयको फर्निचर, खेलमैदान तथा जग्गा

यस अध्ययनका लागि नमुनाक्षेत्रमा परेका सामुदायिक विद्यालय अभिलेखबाट फर्निचर, खेलमैदान तथा जग्गाको विवरण लिने काम गरिएको छ। यसबाट निम्न सूचना तथा जानकारी प्राप्त भयो।

**तालिका-४**

**फर्निचर, खेलमैदान तथा जग्गाको विवरण**

| क्र.स | विद्यालयको नाम | फर्निचर सङ्ख्या | खेलमैदानको अवस्था | जग्गा |
|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | दराज-७ थान<br>टेवल-१४ थान<br>कुर्सि-२१ थान<br>डेस्क वेन्च-२१० जोर | १ विगाहा १ कठ्ठा ५ धुर भवन सहित | ३-७-५ |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | दराज-३<br>टेवल-७ थान<br>कुर्सि-११ थान | १ विगाहा १९ कठ्ठा भवन सहित | दर्ता ४ विगाहा १७ कठ्ठा दर्ता हुन बाँकी १ |

| | | | | |
|---|---|---|---|---|
| | | डेस्क वेन्च-१४० जोर<br>न्याक-२ थान | | विगाहा १९ धुर |
| ३ | श्री पञ्चायतमा.वि.<br>बक्लौरी-२ | दराज-४ थान<br>टेवल-५ थान<br>कुर्सि-११ थान<br>डेस्क वेन्च-१४० जोर | १५ कठ्ठा भवन सहित | १ विगाहा ५ कठ्ठा १० धुर |
| ४ | श्री पञ्चायतनि.मा.वि.<br>बक्लौरी-९ | दराज-३ थान<br>टेवल-६ थान<br>कुर्सि-२० थान<br>डेस्क वेन्च-७५ जोर | १२ कठ्ठा १० धुर | ८ विगाहा १० धुर |
| ५ | श्री जन नि.मा.वि.<br>बक्लौरी-६ | दराज-२ थान<br>टेवल-३ थान<br>कुर्सि-१५ थान<br>डेस्क वेन्च-३५ जोर | ७ कठ्ठा भवन सहित | १ विगाहा १७ कठ्ठा १० धुर |
| ६ | श्री पञ्चायतप्रं.वि.<br>बक्लौरी-४ | दराज-३ थान<br>टेवल-७ थान<br>कुर्सि-५ थान<br>डेस्क वेन्च-५४ जोर | १६ कठ्ठा भवन सहित | १६ कठ्ठा मन्दिरको नाममा |
| ७ | श्री सरस्वती प्र.वि.<br>बक्लौरी-७ | दराज-२ थान<br>टेवल-५ थान<br>कुर्सि-२७ थान<br>डेस्क वेन्च-४५ जोर | | |

*स्रोत :विद्यालय अभिलेख, २०६८*

प्रस्तुत माथिको तालिका न ३ र तालिका नं. ४ मा विद्यालयमा भएको फर्निचर, खेलमैदान तथा जग्गाको क्षेत्रफल प्रस्तुत गरिएको छ। सङ्कलित सूचनाहरू विद्यालयको अभिलेख वि.स २०६७ र २०६८ बाट लिइएको हो। तालिका ३ र ४ लाई तुलना गर्दा आदर्श

उच्च मा.वि.ले १ टेवल थप गरेको देखिन्छ, पञ्चालत मा.वि ८ ले टेवल १ र र्‍याक २ थप गरेको देखिन्छ भने पञ्चालत मा.वि. २ ले ५ जोर डेक्स बेन्च थपेको देखिन्छ । खेल मैदानको अवस्थालाई हेर्दा जन नि.मा.वि. र सरस्वती प्र.वि.मा खेल मैदानको नभएको देखिन्छ ।

### ४.१.५ विद्यालयको अन्य भौतिक अवस्था

यस अध्ययनको सर्न्दभमा नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयको अभिलेखबाट पुस्तकालय, शैचालय, घेरावेरा, खेलमैदान तथा खानेपानीको सूचना सङ्कलन गरी विश्लेषण गरिएको छ ।

**तालिका-५**

**अन्य भौतिक अवस्थाको विवरण**

| क.स | विद्यालयको नाम | पुस्तकालय | शौचालय | घेरावेरा | खेलसामाग्री | खानेपानी |
|---|---|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | ब्यवस्थित | अब्यवस्थित | छ | थोरै | ट्यूवेल |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | अब्यवस्थित | ब्यवस्थित | छैन | थोरै | ट्यूवेल |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | अब्यवस्थित | ब्यवस्थित | अपूर्ण | थोरै | ट्यूवेल |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | अब्यवस्थित | ब्यवस्थित | छ | थोरै | ट्यूवेल |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | छैन | ब्यवस्थित | छैन | थोरै | ट्यूवेल |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | छैन | ब्यवस्थित | अपूर्ण | थोरै | धारा र कुवा |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | छैन | ब्यवस्थित | अपूर्ण | थोरै | ट्यूवेल |

*स्रोत विद्यालय अभिलेख, २०६७*

### ४.१.६ विद्यालयको अन्य भौतिक अवस्था

यस अध्ययनको सन्दर्भमा नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयको अभिलेखबाट पुस्तकालय शौचालय, घेरावेरा, खेलसामाग्री तथा खानेपानी सूचना विश्लेषण गएिको छ ।

**तालिका-६**

**अन्य भौतिक अवस्थाको विवरण**

| क.स | विद्यालयको नाम | पुस्तकालय | शौचालय | घेरावेरा | खेलसामाग्री | खानेपानी |
|---|---|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | व्यवस्थित | अव्यवस्थित | छ | थोरै | ट्यूवेल |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | अव्यवस्थित | व्यवस्थित | छैन | थोरै | ट्यूवेल |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | अव्यवस्थित | व्यवस्थित | अपूर्ण | थोरै | ट्यूवेल |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | अव्यवस्थित | व्यवस्थित | छ | थोरै | ट्यूवेल |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | छैन | व्यवस्थित | छैन | थोरै | ट्यूवेल |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | छैन | व्यवस्थित | अपूर्ण | थोरै | धारा र कुवा |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | छैन | व्यवस्थित | अपूर्ण | थोरै | ट्यूवेल |

*स्रोत विद्यालय अभिलेख, २०६८*

माथि तालिका नं. ५ र ६  मा सामुदायिक विद्यालयको अन्य भौतिक पक्ष अन्तरगत वि.स. २०६७ र वि.स.२०६८ सालको पुस्तकालय, शौचालय, घेरावेरा, खेलसामाग्री र खानेपानीको अवस्था देखाइएको छ। यसबाट पुस्तकालय र खेलसामाग्रीको अवस्था र सुधार गर्नु पर्ने  देखिन्छ। घेरावेराको अवस्थालाई विश्लेषण गर्दा आदर्श उच्च मा.वि.र पञ्चायत नि.मा.वि.घेरावेरा भएको देखिन्छ भने पञ्चायतमा.वि.बक्लौरी ८ र जन नि.मा.वि.मा घेरावेरा छैन। अन्य विद्यालयमा पनि अपूर्ण छ। तुलनात्मक रूपमा शौचालय र खानेपानी को अवस्था सन्तोषजनक भए पनि स्वच्छ पिउने पानीको अभाव देखिन्छ। शिक्षा नियमावली अनुसार पुस्तकालय, शौचालय, घेरावेरा, खल सामग्री र स्वच्छ खाने पानीको व्यवस्था हुनु पर्ने उल्ले भएको छ। तसर्थ वि.व्य.स.ले यस तफ ध्यान दिनु पर्ने दुखिन्छ।

### ४.१.७ प्रशासनिक कक्ष र स्टाफ कक्षको अवस्था

यस अध्ययनको सन्दर्भमा प्रशासनिक कक्ष र स्टाफ कक्षको अवस्थाको बारेमा निम्न सूचनाहरू प्राप्त भयो।

**तालिका ७**

**प्रशासनिक कक्ष र स्टाफ कक्षको अवस्था**

| क्र.स | विद्यालयको नाम | प्रशासनिक कक्ष र स्टाफ कक्ष को अवस्था |
|---|---|---|
| १ | आदर्श उच्च मा.वि. बक्लौरी -३ | फरक |
| २ | पञ्चायत मा.वि. बक्लौरी -८ | एकै ठाउँमा भएको |
| ३ | पञ्चालत मा.वि. बक्लौरी-२ | एकै ठाउँमा भएका |
| ४ | पञ्चालत नि.मा.वि. बक्लौरी -९ | एकै ठाउँमा भएका |
| ५ | जन नि.मा.वि. बक्लौरी-६ | एकै ठाउँमा भएका |
| ६ | पञ्चायत प्रा.वि. बक्लौरी-४ | एकै ठाउँमा भएका |
| ७ | सरस्वती प्रा.वि. बक्लौरी-७ | एकै ठाउँमा भएका |

*स्रोत स्थलगत सर्वेक्षण, २०६९*

## ४.२ भौतिक सुविधाको सुधारमा व्यवस्थापन समितिको भुमिका

विद्यालयको भौतिक सुविधाको सुधारमा व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका रहन्छ। विद्यालय व्यवस्थापन चुनौतीमा दोषी : पद्धति नभई, प्रवृत्ति रहेको छ। असल प्रवृतिका मानिसहरू विद्यालय व्यवस्थापन समितिमा रहने हो भने विद्यालयको भौतिक लगायत शैक्षिक गुणस्तरमा सुधार आउन सक्दछ। तर कति पय सामुदायिक विद्यालयमा अभिभावक र व्यवस्थापन समितिका नाममा भ्रष्ट, लुच्चा र अपराधिक प्रवृतिका मानिसहरू हावि हुँदै गएको छन र तिनलाई पदलोलुप राजनीतिक दलहरूले निर्भयता प्रदान गरेको छन्। यस अध्ययनको क्रममा विभिन्न सूचना सङ्कलन साधानहरूको प्रयोग गरी विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको प्रभाव विश्लेषण गरीएको छ।

### ४.२.१ भौतिक सुधारकालागि आर्थिक स्रोत सङ्कलन

यस अध्ययनका क्रममा विद्यालयका अध्यक्षलाई आर्थिक स्रोत कहाँबाट संकलन गर्नु हुन्छ ? भनी प्रश्न सोधिएको थियो ? प्राप्त जानकारीलाई तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ। विद्यालयको भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउने विषय वस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो।

**तालिका :-८**

**सामुदायिक विद्यालयको भौतिक सुधारका लागि आर्थिक स्रोत जुटाउने सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आन्तरिक स्रोतबाट | १ | १४.२८५ |
| २ | सरकारी स्रोतबाट | ३ | ४२.८५७ |
| ३ | गैरसरकारी संस्थाबाट | २ | २८.५७ |
| ४ | समुदायबाट | १ | १४.२८५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

तालिका नं. ८ मा देखाए अनुसार सामुदायिक विद्यालयको भौतिक सुधारका लागि आर्थिक स्रोत कहाँ बाट जुटाउन सकिन्छ भन्ने प्रश्नको उत्तर विद्यालय व्यवस्थापन समितिका

अध्यक्षहरूलाई सोधिएकोमा १ जनाले आन्तरिक स्रोतबाट ३ जनाले सरकारी स्रोतबाट २ जनाले गैरसरकारी स्रोतबाट र समुदायबाट १ जनाले उत्तर दिएको पाइर्यो । यस सङकलित तथ्याङ्कबाट के निष्कर्ष निकाल्न सकिन्छ भने विद्यालयको भौतिक पक्षको सुधारका लागि सरकारी स्रोतको भर पर्नु पर्छ भन्ने प्रमाणित गरिएको छ भने आन्तरिक स्रोत र समुदाबाट ( १४.२८५) प्रतिशत सामुदायिक विद्यालयमा भौतिक सुधारमा लगानि गरिन्छ । सामुदायिक विद्यालयको भौतिक सुधारमा (४२.८५७) प्रतिशत आर्थिक स्रोत सरकारी जुटाउनु पर्ने अवस्थाले समुदायिक विद्यालयले सरकारी संस्थालाई गुहार्न पर्दछ भन्ने प्रमाणित गरिएको छ । शिक्षा निमायवलीको दफा (२५) क मा वि.व्य.स. ले विद्यालयका लागि चाहिने आर्थिक स्रोत जुटाउने कूरा उल्ले गरिएको छ । यहाँ टेलरको सिद्धन्त अनुसार सक्षमतापूर्वक वि.व्य.स. का पदाधिकाले काम गरेको देखिएन ।

### ४.२.२ आर्थिक स्रोत जुटाउन सम्बन्धित पक्षसँग गरेको पहल :

यस अध्ययनको क्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबाट आर्थिक स्रोत जुटाउने सम्बन्धमा सरोकारवाला पक्ष सँग गरिएको पहलको विश्लेषण गरिएको छ ।

**तालिका : ९**

**आर्तिक स्रोत जुटाउन सम्बन्धित पक्षसँग गरेको**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक पटक | २ | २८.५७ |
| २ | दुई पटक | ४ | ५७.१४ |
| ३ | तीन पटक | १ | १४.२८ |
| ४ | चार पटक | - | - |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिका अनुसार सामुदायिक विद्यालयको भौतिक सुधारमा सरोकारवाला पक्षसँग वर्षमा कति पटक अन्तरक्रिया गर्नु हुन्छ भन्ने प्रश्नको उत्तरमा ४ जना (५७.१४) प्रतिशतले दुईपटक, २ जना (२८.५७) प्रतिशतले दुईपटक र १ जना (१४.२८) प्रतिशतले एक पटक र

कसैले पनि ४ पटक अन्तरक्रिया नगरेको देखिन्छ। प्राय जसो विद्यालयमा वर्षमा दुई पटक मात्र अन्तरक्रिया गरेको पाईयो। जव कि कम्तिमा पनि वर्षमा ६ पटक सरोकारवाला पक्षसँग अन्तरक्रिया गर्नु पर्ने हुन्छ। यहा हेनरी फेयलको व्यवस्थापन प्रक्रिया सिद्धान्त आंशिक रूपमा लागु भएको छ।

### प्र.अ.तथा शिक्षकहरूबाट व्यवस्थापन समितिको भूमिकाको सम्बन्धमा

यस अध्ययनको क्रममा विद्यालयका प्र.अ. तथा हिक्षक शिक्षिकाहरूबाट सामुदायिक विद्यालयको वि.व्य.स.को भूमिकाको सम्बन्धमा यस प्रकार विश्लेषण गरिएको छ।

**तालिका नं.: १०**

**विद्यालयको भौतिक सुधारमा वि.वय.स. को भूमिकाको सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक स्रोत जुटाउन | ३ | ४७.८५ |
| २ | सरोकारवाला पक्ष संग छलफल गर्न | १ | १४.२८५ |
| ३ | आवश्यक सामाग्रीहरू खरिद गर्न | १ | १४.२८५ |
| ४ | निर्माण निरिक्षण अनुगमन गर्न | २ | २८.५६ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

तालिका अनुसार सामुदायिक विद्यालयका व्यवस्थापन समितिले विद्यालयको भौतिक सुधारमा कुन कुन कुरामा सहयोग पुऱ्याएको छ भन्ने प्रश्नको उत्तरमा आर्थिक स्रोत जुटाउन (४२.८५%), सरोकारवाला सँग छलफलमा (१४.२८५%) आवश्यक सामाग्रीहरू खरिद गर्नमा (१४.२८५%) र निर्माण निरिक्षण अनुगमनमा (२८.५६%) ले उत्तर दिएको पाइन्छ। यसबाट के निष्कर्षमा पूगिन्छ भने धेरै जसो वि.व्य.स. का पदाधिकारीहरू आर्थिक स्रोत जुटाउन लागिरहेका छन्। विद्यालयको आर्थिक पक्ष सवल गर्न सकेमा भौतिक निर्माण कार्य सफलता पूर्वक सञ्चालन गर्न सकिन्छ भन्ने ज्ञान वि.व्य.स. का पदाधिकारीमा भएको पाईन्छ।

### ४.२.३ भौतिक निर्माणमा वि.व्य.स.को उपस्थितिः

अध्ययनको क्रममा विद्यँलयका प्र.अ. तथा शिक्षकहरूबाट भौतिक निर्माण वि.व्य.स.को उपस्थिति सम्बन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

**तालिका- ११**

**भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रत्यक पटक | २ | २८.५७ |
| २ | कहिले काँही | ४ | ५७.१४ |
| ३ | धेरैकम | १ | १४.२८ |
| ४ | हुदै हुदैनन् | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा सामुदायिक विद्यँलयको भौतिक निर्माण मा वि.व्य.स.को उपस्थिति कतिको हुन्छ भन्ने प्रश्नमा ४ जना (५७.१४%) ले कहिलेकाही र १ जना (१४.२८%) ले धेरै कम भन्ने उत्तर  दिएका छन । यस तथ्याङ्कबाट  के निष्कर्षमा पुग्न सकिन्छ भने सामुदायिक विद्यालयको व्यवस्थापन समितिका पदाधिकारीले भौतिक निर्माणका कार्यमा सहभागिता बृद्धि गर्नु पर्ने हुन्छ ।

### ४.२.४ विद्यालय व्यवस्थापन समितिले भौतिक सुधारमा गरिने अन्तक्रियाः

यस अध्ययन क्रममा विद्यालयका प्र.अ. तथा शिक्षक, शिक्षिकाबाट प्राप्त सूचनालाई तल व्याख्या गरिएको छ ।

**तालिका-१२**

**वि.व्य.स.ले भौतिक सुधारमा गरिने अन्तक्रिया**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समुदायिकसंग | ३ | ४२.८५७ |
| २ | सरोकारवाला पक्ष सँग | २ | २८.५७ |
| ३ | गैरसरकारी संस्था संग | १ | १४.२८ |
| ४ | सबै संग | १ | १४.२८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा प्राप्त उत्तरको आधारमा समुदायसंग ३ पटक (४२.८५७%) अन्तरक्रिया गर्दछ भन्ने उत्तर आएको छ । यस नतिजाबाट के स्पष्ट हुन्छ भने विद्यालय व्यवस्थापन समिति समुदायको विद्यालयको भौतिक निर्माणमा समुदायको भूमिका प्रति सजग र सचेत छन् ।

### ४.२.५ विद्यालयको अवलोकन निरीक्षण

सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीद्वारा विद्यालयको अवलोकन र निरीक्षण वर्षमा कति पटक हुन्छ भनि प्र.अ. तथा शिक्षक, शिक्षिकाबाट प्राप्त सूचनाहरू तल व्याख्या गरिएको छ ।

**तालिका-१३**

**वि.व्य.स.द्वारा अवलोकन निरीक्षण**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एक पटक | १ | १४.२८ |
| २ | दुई पटक | ५ | ७१.४२ |
| ३ | तीन पटक | १ | १४.२८ |
| ४ | आउदैनन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा सामुदायिक विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू वर्षमा कति पटक विद्यालय अनुगमन र निरीक्षण गर्दछन भन्ने प्रश्नको उत्तरमा ७१.४२% ले दुई पटक र १४.२८% ले एक र तिन पटक उत्तर दिएका छन् । तर आउदैनन भनि कसैले पनि उत्तर नदिएको देखिन्छ । यस अध्ययनबाट टेलरको सिद्धान्त जस्तै वि.व्य.स.का पदाधिकारीमा आफ्नो भूमिका वारे अवगत भएको पाईन्छ ।

### ४.२.६ भौतिक अवस्थावारे जनकारी

यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयका प्र.अ.तथा शिक्षकहरूबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारी ले विद्यालयको भौतिक अवस्थाको जान

**तालिका-१४**

**भौतिक अवस्थावारे जानकारी**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दुई जनालाई | १ | १४.२८ |
| २ | पाँच जनालाई | ४ | ५७.१४ |
| ३ | सबैलाई | २ | २८.५७ |
| ४ | कसैलाई पनि छैन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा विद्यालयको भौतिक अवस्थावारे जानकारी कति जनालाई छ भन्ने प्रश्नमा ४ जना (५७.१४%) उत्तर दिएका छन भने कसैलाई पनि छैन मा उत्तर आएको छैन । अधिकाँस वि.व्य.स.का सदस्यहरू विभिन्न कार्यक्रमहरूमा विद्यालय आउने जाने भएको हुँदा धेरैलाई भौतिक अवस्थावारे जानकारी प्राप्त भएको हुन्छ । यस तथ्याङ्कको परिणामले हेनरी फेयल को सिद्धान्त सँग मेल खाएको छ ।

### ४.२.७ भौतिक सुधारमा वि.व्य.स.ले गर्ने पहलः

यस अध्ययनको क्रममा विद्यालयका प्र.अ.तथा शिक्षक, शिक्षिकाबाट वि.व्य.स.द्वारा भौतिक सुधारको सम्बन्धमा प्राप्त सूचनाहरू प्रस्तुत गरिएको छ ।

**तालिका-१५**

**भौतिक सुधारमा वि.व्य.स.ले गर्ने पहल सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयासरत | २ | २८.५७ |
| २ | कहिलेकाँही | ४ | ५७.१४ |
| ३ | धेरै पटक | १ | १४.२८ |
| ४ | गर्दै गर्दैनन् | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत सामुदायिक विद्यालयका वि.व्य.स सदस्यले भौतिक सुधारमा कतिको पहल गर्दछन भन्ने प्रश्नको उत्तरमा धेरैपटकमा १ (१४.२८%), प्रयासरतमा २ (२८.५७%) र कहिलेकाँही मा ४ (५७.१४%) ले उत्तर दिएको पाईन्छ । यसबाट के प्रष्ट हुन्छभने अधिकांस विद्यालय व्यवस्थापन समितिका सदस्य विद्यालयको भौतिक सुधारमा भन्दा आफ्नो व्यक्तिगत र घरयासि काम मा बढी प्राथमिकता दिएको पाईन्छ । यहाँ हेनरी फेयलको सिद्धान्तले काम गरेको देखिएन ।

### ४.२.८ भौतिक निर्माणमा गरेको रेखदेख :

विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.का पदाधिकारी ले गरेको रेखदेखको सम्बन्धमा विद्यार्थीवारे निम्न सूचना प्राप्तभयो ।

**तालिका-१६**

**भौतिक निर्माणमा रेखदेख सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भवन निर्माण | २ | २८.५७ |
| २ | फर्निचर मरम्मत, निर्माण | २ | २८.५७ |
| ३ | शौचालय निर्माण | २ | २८.५७ |
| ४ | घेरावेरा | १ | १४.२८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा विद्यार्थीलाई विद्यालयको कस्तो भौतिक निर्माण कार्यमा व्यवस्थापन समितिका सदस्य रेखदेख गर्न आउछन भनि सोधिएको प्रश्नमा २८.५७%ले भवन, फर्निचर र शौचालय भनि जवाफ दिएकाछन भने १४.२८% ले घेरावेरा भनि जवाफ दिएकाछन । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने वि.व्य.स. ले विद्यालयको घेरावेरामा कम महत्त्व दिएकाछन् । घेरावेराले विद्यालयको शैक्षिक गतिविधिमा प्रभाव पार्दछ भन्ने कुरामा आवगत वि.व्य.स.लाई नभएको प्रमाणित हुन्छ ।

### ४.२.९ भौतिक निर्माणमा आर्थिक स्रोत जुटाउने :

सामुदायिक विद्यालयको भौतिक निर्माणमा आर्थिक स्रोत जुटाउने सम्बन्धमा स्रोतब्यक्तिबाट निम्न सूचना प्राप्त भयो ।

**तालिका-१७**

**भौतिक निर्माण आर्थिक स्रोत जुटाउने**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समुदायबाट | – | – |
| २ | गा.वि.सबाट | १ | १०० |
| ३ | शिक्षाकार्यलयबाट | – | – |
| ४ | गैर सरकारी संस्थाबाट | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत सामुदायिक विद्यालयको भौतिक निर्माणमा कहाबाट आर्थिक स्रोत जुटाउन राम्रो हुन्छ भन्ने प्रश्नको जवाफमा समुदायबाट उत्तर आएको छ । यसको उत्तर दाता एउटा मात्र भएकोले तुलना गरीएको छैन ।

### ४.२.१० विद्यालय अभिलेखबाट व्यवस्थापन समितिको भूमिका :

**तालिका-१८**

**विद्यालय अभिलेखबाट विद्यालय व्यवस्थापन समितिको भूमिकाको बिवरण २०६७**

| क.स | विद्यालयको नाम | अन्तरक्रिया वर्षमा | बैठक संख्या वर्षमा | कार्यलय |
|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि. बक्लौरी-३ | ३ पटक | ९पटक | व्यवस्थीत |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | ३ पटक | २७ पटक | व्यवस्थीत |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी -२ | ३ पटक | २३ पटक | व्यवस्थीत |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | ३ पटक | १८ पटक | व्यवस्तीत |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | २ पटक | १९ पटक | व्यवस्तीत |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | २ पटक | ८ पटक | अव्यवस्तीत |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी -७ | २ पटक | ६ पटक | अव्यवस्तीत |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

### ४.२.११ विद्यालय अभिलेखबाट व्यवस्थापन समितिको भूमिका २०६८

**तालिका-१९**

**अभिलेखबाट व्यवस्थापन समितिको भूमिकाको विवरण २०६८**

| क.स | विद्यालयको नाम | अन्तर क्रिया वर्षमा | बैठक सङख्या वर्षमा | कार्यलय |
|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि. बक्लौरी-३ | ३ पटक | १४ पटक | व्यवस्थीत |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | २ पटक | २१ पटक | व्यवस्थीत |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | ४ पटक | २४ पटक | व्यवस्थीत |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | ३ पटक | १८ पटक | व्यवस्थीत |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | ३ पटक | १६ पटक | व्यवस्थीत |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | २ पटक | ७ पटक | अव्यवस्थीत |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | २ पटक | ७ पटक | अव्यवस्थीत |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

माथि प्रस्तुत गरिएका तालिका २१ र २२  नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सक्रियता र लिस्क्रियता सम्वन्धि विवरण अध्ययन गर्न सकिन्छ। वि.व्य.स. को बैठक नियमित हुने गरेको भएतापनि अन्तरक्रियाको अभाव रहेको देखिन्छ।

**४.२.१२ विद्यालयको आर्थिक स्रोत सम्वध्ति विवरण २०६७ :**

**तालिका-२०**

**भौतिक निर्माणका लागि आर्थिक स्रोत सम्वन्धि विवरण २०६७**

| क.स | विद्यालयको नाम | आन्तरीक स्रोतबाट | सरकारी स्रोतबाट | गैरसरकारी स्रोतबाट | समुदायबाट |
|---|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | २५०००० | ९७०००० | – | – |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | १००००० | २००००० | – | ५०००० |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | १०००० | ७५००० | – | ८५००० |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | १३१००० | २००००० | – | – |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | – | – | – | – |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | १०००० | ३०००० | – | ४०००० |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | १५००० | – | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

### ४.२.१३ विद्यालयको आर्थिक स्रोत सम्बन्धि विवरण २०६८:

**तालिका-२१**

**भौतिक निर्माणका लागि आर्थिक स्रोत जुटाउने माध्यम २०६८**

| क.स | विद्यालयको नाम | आन्तरीक स्रोतबाट | सरकारी स्रोतबाट | गैरसरकारी स्रोतबाट | समुदायबाट |
|---|---|---|---|---|---|
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | १५०००० | ६५०००० | – | – |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | १५०००० | ३००००० | – | १५०००० |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | ५०००० | ४००००० | – | ४५०००० |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | १५०००० | ६५०००० | – | – |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | १५०००० | ६५०००० | – | – |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | – | – | – | – |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | १०००० | – | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

नमुना छनौटमा परेको सामुदायिक विद्यालयहरूको माध्यम र प्रयासका बारेमा माथि तालिका नं. २३ र २४ मा उल्लेख गरिएको छ। प्रस्तुत तालिकामा भएको सूचनाहरूले वि.व्य.स.को सक्रियता भूमिकामा वारेमा जनकारीहरू प्राप्त हुन्छन ।

### ४.२.३.१ भौतिक पक्षको विश्लेषण :

यस अध्ययनमा विभिन्न सूचना सङकलनका साधनहरू को प्रयोग गरी नमुना छनौटमा परेका सामुदायिक विद्यालयको भौतिक पक्षको तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.३.२ अध्यक्षहरूबाट भौतिक सुधारको अवस्था :

यस अध्ययनमा सामुदायिक विद्यालयका अध्यक्षहरूबाट विद्यालयको सूचना तथ्याङ्क यस प्रकार प्राप्त गरिएको छ ।

### ४.२.३.३ भौतिक सुधार सम्वन्धमा :

नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयको भौतिक सुभारका विषयवस्तुलाई विश्लेषण गर्न अध्यक्षहरूबाट निम्न सूचनाहरू प्राप्त भयो ।

**तालिका-२२**

**भौतिक सुधारका सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अतिउत्तम | १ | १४.२८ |
| २ | उत्तम | १ | १४.२८ |
| ३ | मध्यम | ३ | ४२.८५ |
| ४ | सुधारान्मुख | २ | २८.५७ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिका अनुसार सामुदायिक विद्यालयका अध्यक्षहरूलाई तपाईको विद्यालयको भौतिक सुभारका अवस्था कस्तो छ भनि सोधिएको प्रश्नमा १ जना (१४.२८%) ले आतिउत्तम ३ जना (४२.८५%) ले मध्यम, १ जना (१४.२८%) ले उत्तम, २ जना (२८.५७%) ले सुधारान्मुख भन्ने जवाफ दिएका छन् । यसबाट प्रष्ट हुन्छ भने सामुदायिक विद्यालयको भौतिक सुधारका पक्षमा धेरै काम गर्नु पर्ने देखिन्छ । यहा टेलर र फोयलको सिद्धान्तसँग तुलना गर्दा वि.व्य.स.का पदाधिकारी ले कार्य विभाजन नगरि काम गर्ने गरेको देखिन्छ ।

**४.२.३.४ कक्षाकोठाको अवस्था :**

यस अध्ययनमा विद्यालयका अध्यक्षहरूबाट कक्षा कोठाको अवस्थाको बारेमा प्राप्त जानकारीलाई यस प्रकार विश्लेषण गरीएको छ ।

**तालिका-२३**

**कक्षाकोठाको अवस्थाको सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयाप्त | १ | १४.२८ |
| २ | पुग्ने | ३ | ४२.८५ |
| ३ | नपुग्ने | ३ | ४२.८५ |
| ४ | धेरै नपुग्ने | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा विद्यार्थीका लागि कक्षाकोठा को अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा अध्यक्षहरूबाट प्रयाप्त छ भन्नेमा १ जना (१४.२८%), पुग्नेमा ३ जना (४२.८५%) र नपुग्नेमा ३ (४२.८५%) । यहाँ कक्षाकोठा पुग्ने र नपुग्नेमा मिश्रित जवाफ आएको पाइएकोले कक्षाकोठा निर्माण कार्यमा वि.व्य.स.ले अझ केहि गर्नु पर्ने देखिन्छ ।

**४.२.३.५ खेलमैदान र खेलकुद सामाग्रीको अवस्था :**

यस अध्ययनको क्रममा विद्यालयका अध्यक्षहरूबाट खेलमैदान र खेलकुद सामाग्रीको सम्बन्धमा यस प्रकारका सूचना प्राप्त गरिएको छ ।

**तालिका-२४**

**खेलमैदान र खेलकुद सामाग्रीको सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयाप्त | – | – |
| २ | पुग्ने | १ | १४.२८ |
| ३ | नपुग्ने | ३ | ४२.८५ |
| ४ | थाहा छैन | ३ | ४२.८५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा वि.व्य.स.का अध्यक्षहरूबाट विद्यालयमा विद्यार्थीका लागि खेलमैदान र खेलकुद सामाग्रीको अवस्थाको वारेमा सोधिएको प्रश्नमा १ जना (१८.२८%) ले पुग्ने छ भनि जवाफ दिएको छन । तर ३ जना (४२.८५%) ले नपुग्ने र ३ जना (४२.८५%) ले थाहा छैन भनि जवाफ दिएका छन । खेलमैदान र खेल सामाग्री विद्यार्थीको अनुपातमा अप्रयाप्त हुन का साथै यसवारेमा अध्यक्षलाई जानकारी नभएको पाइयो । यहा वि.व्य.स.को भूमिका  टेलर र फयोलको मेल खादैन भन्ने प्रष्ट हुन्छ ।

**४.२.३.६ घेरावेरा, शौचालय र खानेपानीको अवस्था :**

नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयका अध्यक्षहरूबाट विद्यालयको घेरावेरा, शैचालय र खानेपानीको सम्बन्धमा यस प्रकार जानकारी पाइयो ।

**तालिका-२५**

**घेरावेरा, शैचालय र खानेपानी सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थित | १ | १४.२८% |
| २ | अव्यवस्थित | ५ | ७१.४२% |
| ३ | जिर्ण | १ | १४.२८% |
| ४ | नभएको | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

भौतिक पक्षको आधारभूत रूपमा रहेको घेरावेरा, शैचालय र खानेपानीको अवस्थाको अध्यक्षहरूबाट प्राप्त जानकारीको अवस्था माथिको तालिका मा देखाइएको छ ।  जसअनुसार व्यवस्थित र जिर्ण उत्तर दिने १ जना (१४.२८%) छन भने ५ जना (७१.४२%) ले अव्यवस्थित रहेको जवाफ दिएका छन । यसबाट के प्रंष्ट हुन्छ भने हेनरी फेयरको  सिद्धान्तलाई पूण रूपमा व्यवस्थापन समितिले जिम्मेवारी पूर्ण निर्वाह नगरेको पाईन्छ ।

**४.२.३.७ प्र.अ.तथा शिक्षकहरूबाट भवनको अवस्था :**

यस अध्ययनमा सम्बन्धित विद्यालयका प्र.अ.तथ शिक्षक बाट भवनहरूको उपयुक्तताको सम्बन्धमा प्राप्त सूचनालाई विश्लेषण गरिएको छ ।

**तालिका-२६**

**विद्यालय भवनको आवस्थाको सम्वन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अतिउत्तम | – | – |
| २ | उत्तम | ३ | ४२.८५ |
| ३ | मध्यम | ३ | ४२.८५ |
| ४ | काम चलाउ | १ | १४.२८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

यस अध्ययनको क्रममा विद्यालयका भवनहरू शिक्षणको वातावरणका लागि कति उपयूक्त छ भनि प्र.अ.तथा शिक्षक, शिक्षिकाहरूलाई सोधिएको प्रश्नको जवाफमा ३ जनाले उत्तम ३ जनाले मध्यम र १ जनाले काम चलाउ भनि उत्तर दिएका छन्। विद्यालयको वातावरणलाई शिक्षण उपयूक्त वनाउन भवन उपयूक्त किसिमको हुनुपर्दछ।

**४.२.३.८ विद्यालयमा फर्निचरको अवस्था :**

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयमा विद्यार्थीहरूबाट फर्निचरको अवस्थाको बारेमा निम्न सूचनाहरू प्राप्त भयो।

**तालिका-२७**

**फर्निचरको अवस्थाको सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छन | २ | २८.५७ |
| २ | छैनन | ४ | ५७.१४ |
| ३ | अप्रयाप्त छन | १ | १४.२८ |
| ४ | नाम मात्रको छ | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा सामुदायिक विद्यालयका विद्यँर्थीहरूबाट डेस्क  बेन्च उपयूक्त र प्रयाप्त छन भन्ने प्रश्नमा २ जना (२८.५७%) ले छन भन्ने जवाफ दिएको पाइयो। त्यतै ४

जना (५७.१४%) ले छैनन र १ जना (१४.२८%) ले अप्रयाप्त छन भन्ने जवाफ एिका छन । यस अध्ययन बाट विद्यालयमा फर्निचर सङ्ख्या न्यून रहेको पुष्टि हुन्छ । यसका लागि वि.व्य.स.लाई सक्रिय बनाई सरकारी तथा गैरसरकारी संस्थाबाट फर्निचर उपलब्ध गराउन पहलगर्नु पर्ने आवश्यकता देखिन्छ ।

**४.२.३.७ खेलमैदान, घेरावेरा, शौचालय र खानेपानी :**

यस अध्ययनको क्रममा नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई खेलमैदान, घेरावेरा, शैचालय र खानेपानीको वारेमा प्रश्न सोधिएको थियो विदार्थीबाट निम्न सूचना तथा जानकारी प्राप्त भयो ।

**तालिका-२८**

**खेलमैदान,घेरावेरा, शौचालय र खानेपानीको अवस्था**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थित | १ | १४.२८ |
| २ | अव्यवस्थित | ४ | ५७.१४ |
| ३ | सुधारोन्मुख | २ | २८.५७ |
| ४ | नाम मात्रको | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा ४ जना (५७.१४%) विद्यार्थीको जवाफ विद्यालयको खेलमैदान, घेरावेरा, शैचालय र खानेपानी अव्यवस्थित रहेको र २ जना (२८.५७%) ले सुधारोन्मुख रहेको जानकारी दिएका छन । यसबाट के प्रष्ट हुन्छ भने भौतिक पक्ष अहिले पनि अव्यवस्थित छन । यसका सुधारका लागि वि.व्य.स.ले सम्वन्धित र सरोकारवाला पक्ष सँग छलफल अर्न्तक्रिया गरी स्रोत पहिचान गरी उचित निमार्ण व्यवस्थापन गर्न पर्ने हुन्छ ।

### ४.२.३.८ स्रोतव्यक्तिबाट भौतिक सुधारको अवस्था :

यस अध्ययनको क्रममा स्रोत व्यक्तिलाई तपाईको स्रोतकेन्द्र मा रहेको सामुदायिक विद्यालयको भौतिक सुधारको अवस्था कस्तो छ भनि प्रश्न सोधिएको थियो । स्रोत व्यक्तिबाट यस सम्बन्धमा निम्न सूचना प्राप्त भयो ।

**तालिका-२९**

**भौतिक सुधारको अवस्था सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यवस्थित | – | – |
| २ | अव्यवस्थित | – | – |
| ३ | सन्तोषजनक | १ | १०० |
| ४ | सुधार गर्नु पर्ने | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा स्रोत व्यक्तिबाट सन्तोषजनक भन्ने जवाफ आएको छ । यसबाट के स्पष्ट हुन्छ भने सामुदायिक विद्यालयमा भौतिक सुधारको अभाव देखिन्छ । एक जना मात्र उत्तर दाता भएकोले विश्लेषण गरिएको छैन ।

## ४.३ भौतिक पक्षले शैक्षिक गुणस्तरमा पार्ने प्रभाव :

यस अध्ययनको क्रममा नमुना अध्ययन क्षेत्रमा परेका सामुदायिक विद्यालयको भौतिक पक्षले शैक्षिक गुणस्तरमा पार्ने प्रभाव सम्बन्धमा सूचना तथा जानकारीहरू सङ्कलन गरी विश्लेषण गरिएको छ ।

### ४.३.१ विद्यालयमा शैक्षिक क्रियाकलाप गर्न कक्षाकोठा र फर्निचरको उपलब्धता :

यस अध्ययनको क्रममा सामुदायिक विद्यालयका अध्यक्षहरूबाट विद्यालयको भौतिक शैक्षिक क्रियाकलाप गर्न उपलब्ध रहेका कक्षाकोठा र फर्निचरको वारेमा जानकारी प्राप्त गरि विश्लेषण गरिएको छ ।

**४.३.१.१ कक्षाकोठा र फर्निचरको उपलब्धता :**

प्रस्तुत विषयवस्तुलाई विश्लेषण गर्नका लागि विद्यालयका अध्यक्षहरूलाई विद्यालयमा रहेका कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ भनि प्रश्न गरिएको थियो । यसबाट निम्न सूचनाहरू प्राप्त भयो ।

**तालिका-३०**

**कक्षाकोठा र फर्निचरको उपलब्धता**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयाप्त | २ | २८.५७ |
| २ | अप्रयाप्त | ४ | ५७.१४ |
| ३ | काम चल्ने | १ | १४.२८ |
| ४ | थाहाँ छैन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

माथि उल्लेखित तालिकामा अध्यक्षहरूबाट प्राप्त जानकरीलाई दे खाइएको छ । प्रयाप्त छ भन्ने उत्तर २ जना (२८.५७%) वटा मात्र आएको अप्रयाप्तमा ४ जना (५७.१४%) र काम चल्ने उत्तरमा १ जना (१४.२८%) भएकोले सामुदायिक विद्यालयको भौतिक सुधार अन्तरगत कक्षाकोठा र फर्निचर विद्यार्थीको चाप र उमेर को अनुपातमा निर्माण गर्ने तर्फ सम्वद्ध पक्षले ध्यान दिनु पर्ने देखिन्छ । यहाँ २ वटाविद्यालयमा कक्षाकोठा र फर्निचरको अवस्था राम्रो देखिएको फयोलको सिद्धान्त अनुसार कार्य प्रणाली व्यवस्थापन नभएको देखिन्छ ।

**४.३.१.२ अतिरिक्त क्रियाकलाप सम्बन्धमा :**

यस अध्ययनको क्रममा नमुना क्षेत्रमा परेका सामुदायिक विद्यालयका अध्यक्षहरूलाई अतिरिक्त क्रियाकलाप गराउने सम्बन्धमा प्रश्न सोधिएको थियो । अध्यक्षहरूबाट प्राप्त जानकारीलाई यस प्रकार विश्लेषण गरिएको छ ।

**तालिका-३१**

**अतिरिक्त क्रियाकलाप गराउने सम्बन्ध**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज | १ | १४.२८ |
| २ | असहज | ४ | ५७.१४ |
| ३ | काम चल्ने | २ | २८.५७ |
| ४ | थाहाँ छैन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा अध्यक्षहरूबाट प्राप्त सुचनालाई विश्लेषण गर्दा सहज १ जना ( १४.२८%) असहज ४ जना (५७.१४%) र काम चल्ने २ जना (२८.५७%) को जवाफ पाइएको छ। यसबाट के स्पष्ट हुन्छ धने अधिकांस सामुदायिक विद्यालयमा खेलमैदान र सभाकक्षाको अभाव हुदा अतिरिक्त क्रियाकलाप गराउन असहज परिस्थितिको सिर्जना हुने गरेको छ। अतिरिक्त क्रियाकलापले विद्यार्थीको बैद्धिक र शारिरीक विकारमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले यस तर्फ अध्यक्षहरूले ध्यान दिनु पर्ने देखिन्छ।

**४.३.२.१ अध्यापन गर्न असहजता सम्बन्धमा :**

यस अध्ययनका क्रममा प्र.अ.तथा शिक्षण शिक्षिकाहरूलकई प्रभावकारी अध्ययन अध्यपन कर्यगर्न के कारणले कठिनाइए हुने गरेको छ। भनि प्रश्न सोधिएको थियो। यस सम्बन्धमा प्राप्त जानकारीलाई तल व्याख्या गरिएको छ।

**तालिका-३२**

**अध्यापन गर्न असहजताको सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शैक्षिक सामाग्री नभएकोले | ४ | ५७.१४ |
| २ | तामि नभएकोले | १ | १४.२८ |
| ३ | कठिन विषयवस्तु भएकोले | – | – |
| ४ | भौतिक अप्रयाप्त भएकोले | २ | २८.५७ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

तालिकामा शैक्षिक सामाग्री नभएकोले ४ जना (५७.१४%) भौतिक अप्रयाप्त भएकोले २ जना (२८.५७%), तालिम नभएकोले १ जना (१४.२८%) जवफ आएको छ भने विषय वस्तुको कठिनाईले मा उत्तर आएको छैन । यसबाट के स्पष्ट हुन्छ भने शैक्षिक सामाग्रीको उपयूक्त व्यवस्था गरि भौतिक पक्षको सुधार साथै शिक्षकलाई तालिम दिन सकेमा सामुदायिक विद्यालयमा  प्रभावकारी र गुणस्तरीय शिक्षा दिन सकिन्छ ।

### ४.३.३.१ विद्यार्थीहरूबाट विद्यालयको कक्षाकोठा र खेलमैदानको सम्बन्धमा :

यस अध्ययनका क्रममा नमुना क्षेत्र भित्र परेका सामुदायिक विद्यालयमा शैक्षिक तथा अतिरिक्त क्रियाकलापका लागि कक्षाकोठा र खेलमैदानको अवस्थाको सम्बन्धमा प्रश्न सोधिएको थियो । विद्यार्थीहरूबाट प्राप्त सुचना तथा जानकारीलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**तालिका-३३**

**विद्यार्थीबाट कक्षाकाठा र खेलमैदानको सम्बन्धमा**

| क्र.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज | २ | २८.५७ |
| २ | असहज | ४ | ५७.१४ |
| ३ | काम चल्ने | १ | १४.२८ |
| ४ | थाहाँ छैन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा सहजमा २ जना (२८.५७%) असहजमा ४ जना (५७.१४%) र कठिनाईमा १ जना      (१४.२८%) उत्तर प्राप्त भएको छ । भने अतिकठिनाईमा उत्तर आएको छैन । यसबाट के प्रष्त हुन्छ भने अधिकांश विद्यालयमा अतिरिक्त क्रियाकलापको लागि कोठा र खेलमैदानको उपयूक्त व्यवस्था हुन सकेको छैन । यसर्थ यस क्षेत्रमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा कमी आउने कारण मध्य अतिरिक्त क्रियाकलापका लागि कक्षाकोठा र खेलमैदानको अभाव पनि एक कारण हो ।

**४.३.२.२ वर्षा हुने बेला विद्यालयको पाढाईको अवस्था :**

यस अध्ययनको क्रममा नमुना क्षैत्र अन्तरगत पर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई वर्षा हुने बेला विद्यालयमा पढाईको सम्बन्धमा प्रश्नहरू सोधिएको थियो । विद्यार्थीबाट प्राप्त सुचना र जानकारीहरूलाई यसरी व्यवख्या विश्लेषण गरिएको छ ।

**तालिका-३४**

**वर्षाको बेला पढाई हुने अवस्थाको सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सबै कक्षाकोठामा हुन्छ | १ | १४.२८ |
| २ | अधिकांश कक्षाकोठामा हुन्छ | २ | २८.५७ |
| ३ | केही कक्षाकोठामा हुन्छ | २ | २८.५७ |
| ४ | हुदैन | २ | २८.५७ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

तालिकामा (२८.५७%) उत्तर दाताले अधिकांश कक्षाकोठामा हुन्छ, (२८.५७%) केही कक्षाकोठामा हुन्छ, (२८.५७%) ले हुदैन भन्ने जवाफ दिएका छन् । यसबाट के स्पष्ट हुन्छ भने अधिकांश विद्यालयको छानो कर्कट पाताको भएकोले पानी परेको अवस्थामा कोठामा ध्वनी प्रदुषण हुन्छ भने एक मात्र विद्यालय पञ्चायतमा.वि.बक्लौरी ८ को भवन को छानो ढलान गरिएको तर्फका सबै कक्षा संचालन हुने गर्दछ । वर्षातको अवस्थामा पढाईहोस भन्ने पानीका लागि पक्की भवनको आवश्यकता देखिन्छ ।

**४.३.४.१ स्रोतब्यक्तिद्वारा विद्यालय अनुगमन :**

यस अध्ययनको क्रममा स्रोतब्यक्तिलाई स्रोत केन्द्र अन्तरगतका विद्यालय अनुगमनको सन्दर्भमा प्रश्नहरू सोधिएका थियो । स्रोत ब्यक्तिबाट निम्न जानकारी प्राप्त धयो ।

**तालिका-३५**

**विद्यालय अनुगमन गर्ने सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वर्षमा एक पटक | – | – |
| २ | वर्षमा दुई पटक | – | – |
| ३ | वर्षमा तिन पटक | – | – |
| ४ | प्राय जसो | १ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा स्रोत ब्यक्तिले आफ्नो स्रोतकेन्दका विद्यालयहरूमा नियमित अनुगमन नगरी आफ्नो आवश्यकता अनुसार अनुगमन गर्ने गरेको देखिन्छ ।

**४.३.४.२ शैक्षिक तथा अतिरिक्त क्रियाकलापको अवस्था :**

यस अध्ययनका लागि स्रोत ब्यक्तिलाई तपाईको स्रोतकेन्द्र अन्तगतका समुदायिक विद्यालयमा शैक्षिक तथा अतिरिक्त क्रियाकलाप गर्न भौतिक अवस्था कस्तो छ भनि प्रश्न सोधिएको  थियो । यस सम्बन्धमा निम्न सुचना प्राप्त भयो ।

**तालिका-३६**

**शैक्षिक तथा अतिरिक्त क्रियाकलापको अवस्था**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज | – | – |
| २ | असहज | १ | १०० |
| ३ | कठिन | – | – |
| ४ | अतिकठिन | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

स्रोत व्यक्तिबाट शैक्षिक तथा अतिरिक्त क्रियाकलाप गर्न स्रोत केन्द्र अन्तगतका विद्यालयमा असहज हुने गरेको जवाफ आएको छ । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयमा

सभाकक्षा, खेलमैदान र फर्निचरको अप्राप्तयताका बारेमा स्रोत व्यक्तिलाई अवगत रहेको प्रष्ट हुन्छ ।

**४.३.४.३ विद्यार्थी उपस्थिति :**

प्रस्तुत अध्ययनका लागि स्रोत व्यक्तिबाट विद्यालयमा अनुगमन विद्यार्थीको उपस्थितिको आवस्थाको बारेमा निम्न सुचनाहरू प्राप्त भयो ।

**तालिका-३७**

**विद्यार्थी उपस्थिति सम्बन्धमा**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अध्यधिक | – | – |
| २ | सन्तोषजनक | १ | १०० |
| ३ | न्यून | – | – |
| ४ | अतिन्यून | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा स्रोतव्यक्तिबाट सामुदायिक विद्यालयमा विद्यार्थीको उपस्थिति रहेको उत्तर आएको छ । यसबाट के प्रमाणित  हुन्छ भने विद्यार्थीको संङ्ख्याको अनुपातमा उपस्थितिको अवस्था सामान्य रहेको  छ । यहा उत्तर दाता एक जना मात्र भएकोले तुलना गरिएको छैन ।

**४.३.४.४ प्रतियोगितात्मक कार्यक्रमको अवस्था :**

यस अध्ययनका लागि स्रोत व्यक्ति सँग विद्यालयमा प्रतियोगितात्मक कार्यक्रम कसको सभापतित्त्वमा सम्पन्न हुन्छ भन्ने प्रश्न सोधिएको थियो । स्रोत व्यक्तिबाट निम्न जानकारी प्राप्त भयो ।

**तालिका-३८**

**प्रतियोगितात्मक कार्यक्रमको अवस्था**

| क.स | उत्तर | उत्तर दिने सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वि.व्य.स.को अध्यक्षको | – | – |
| २ | स्रात व्यक्तिको | – | – |
| ३ | प्र.अ.को | १ | १०० |
| ४ | विद्यार्थीको | – | – |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिकामा स्रोतव्यक्तिबाट सामुदायिक विद्यँलयमा प्रतियोतात्मक कार्यक्रम प्र.अ.को सभापतित्त्वमा सम्पन्न हुन्छ भन्ने आएको छ । तसर्थ त्यस्ता कार्यक्रममा वि.व्य.स.को सक्रियता वढाउने कार्यक्रम वि.व्य.स.को सभापतित्त्वमा सम्पन्न गरिनु पर्ने देखिन्छ ।

**४.३.५.१ विद्यालय अभिलेखबाट शैक्षिक र अतिरिक्त क्रियाकलाप २०६७ :**

यस अभ्ययनका लागि विद्यालयमा वि.स.२०६७ सालमा भएको शैक्षिक र अतिरिक्त क्रियाकलापको अभिलेख अध्ययन र विश्लेषण गरियो । यसबाट निम्न सुचनाहरू प्राप्त भयो ।

**तालिका-३९**

**विद्यालयमा भएको शैक्षिक र अतिरिक्त क्रियाकलापको वि.स.२०६७**

| क.स | विद्यालयको नाम | शैक्षिक क्रियाकलाप | | | अतिरिक्त क्रियाकलाप | | |
|---|---|---|---|---|---|---|---|
| | | सजिलो | असजिलो | हुदैन | सजिलो | असजिलो | हुदैन |
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | छ | छैन | | छ | छैन | |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | छ | छैन | | छ | छैन | |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | छैन | छ | छैन | छैन | छ | छैन |
| ४ | श्री पञ्चायतनि.मा.वि. | छैन | छैन | | छ | छैन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बक्लौरी-९ | | | | | | |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | छ | छ | छैन | छैन | छ | छैन |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | छैन | छ | छैन | छैन | छ | छैन |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | छैन | छ | छैन | छैन | छ | छैन |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

**तालिका-४०**

**विद्यालयमा भएको शैक्षिक र अतिरिक्त त्रियाकलापको विवरण२०६८:**

| क.स | विद्यालयको नाम | शैक्षिक क्रियाकलाप | | | अतिरिक्त क्रियाकलाप | | |
|---|---|---|---|---|---|---|---|
| | | सजिलो | असजिलो | हुदैन | सजिलो | असजिलो | हुदैन |
| १ | श्री आदर्श उच्च मा.वि.बक्लौरी-३ | छ | छैन | | छ | छैन | |
| २ | श्री पञ्चायतमा.वि. बक्लौरी-८ | छ | छैन | | छ | छैन | |
| ३ | श्री पञ्चायतमा.वि. बक्लौरी-२ | छैन | छ | छैन | छैन | छ | छैन |
| ४ | श्री पञ्चायतनि.मा.वि. बक्लौरी-९ | छ | छैन | | छ | छैन | |
| ५ | श्री जन नि.मा.वि. बक्लौरी-६ | छ | छ | छैन | छैन | छ | छैन |
| ६ | श्री पञ्चायतप्रं.वि. बक्लौरी-४ | छैन | छ | छैन | छैन | छ | छैन |
| ७ | श्री सरस्वती प्र.वि. बक्लौरी-७ | छैन | छ | छैन | छैन | छ | छैन |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६९*

प्रस्तुत तालिका ४२ र ४३ बाट विद्यालयको शैक्षिक र अतिरिक्त क्रियाकलाप गर्न सम्वद्ध पक्षको अतिरिक्त ध्यान दिनु पर्ने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

शिक्षा जिवनको अभिन्न अग वनेको सन्दर्भमा यसले समाज विकासको विभिन्न क्षेत्रमा महत्त्वपूर्ण शक्तिको रूपमा कार्य गर्दछ । शिक्षा आर्जनगर्ने थलोको रूपमा रहेको विद्यालयका भौतिक पक्ष सुदृढ नभएमा शैक्षिक लगायत अन्य पक्षमा सुधार हुन सक्दैन् । विद्यालयको विकास भन्नुनै भौतिक अवस्थामा आउने सुधारले शैक्षिक प्रगतिका सुचकहरूमा हुने वृद्धि हो । विद्यालयको भौतिक विकासमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्त्वपूर्ण हुने गर्दछ ।

यस अध्ययनको उद्देश्य सामुदायिक विद्यालयको भौतिक पक्षको पहिचान गरि भौतिक सुधारमा व्यस्थापन समितिको प्रभाव विश्लेषण गर्नका साथै देखिएका समस्याहरू पहिचान गरी सुझाउने रहेको थियो । यस अध्ययनमा अवलोकन, अर्न्तवाता, प्रश्नावलि तथा छलफललाई मुख्य साधनको रूपमा प्रयोग गरिएको थियो । सूचना संकलन गर्ने क्रममा विद्यालयका अभिलेखहरू तथा विद्यालय संग सरोकार राख्ने प्रधानाध्यापक, विद्यार्थी, वि.व्य.स., सि.अ. स्रोत व्यक्ति संग आधिकारीक धारणा तथ्याक संकलन गरिएको थियो । संकलित तथ्याकहरूको आधारमा वि.व्य.स. को भुमिका अवगत भए पश्चात देखिएका प्रभावहरू यस प्रकार छन् ।

## ५.१ प्राप्ति

यस अध्ययनमा संकलन गरिएको तथ्याक र तिनिहरूको विश्लेषणबाट प्राप्त भएका प्राप्तिहरू तल प्रस्तुत गरिएको छ ।

सामुदायिक विद्यालयको भौतिक सुविधा अन्तर्गत भवन र कक्षाकोठाको अवस्था राम्रो हुनु, फर्निचर प्रयाप्त मात्रामा विद्यार्थीको उमेर अनुसार नहुनु, शौचालय र खानेपानी व्यवस्थित नहुनु, घेराबेरा कतिपय विद्यालयमा पूर्ण नहुनु, खेलमैदान व्यवस्थित नहुनु, प्रशासनिक कक्ष, प्र.अ. तथा शिक्षक स्टाफ एउटै हुनु ।

सामुदायिक विद्यालयको भौतिक सुधारमा ४२.८५ प्रतिशत हिस्सा सरकारी क्षेत्रको हुनु । विद्यालयको भौतिक विकासका लागि विद्यालय वि.व्य.स. ले पहल गर्ने गरेको । विद्यालय व्यवस्थापन समितिले विद्यालय प्रतिको दायित्व र जिम्मेवारी सक्षमताका साथ निर्वाह गर्ने

जानकारी प्राप्त हुनु । विद्यालयको भौतिक निर्माणमा व्यवस्थापन समितिका सदस्यहरूको रेख देख न्यून हुनु ।वद्यालयको भौतिक सुधारका बारेमा समुदाय संग अन्तरक्रिया गर्ने गरेको । ७१.४२ प्रतिशत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले वर्षमा २ पटक विद्यालय अवलोकन निरीक्षण गर्नु । ५७.१४ प्रतिशत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले विद्यालयको भौतिक अवस्थाको बारेमा जानकारी लिनु । विद्यालयको भौतिक सुधारमा ५७.१४ प्रतिशत सदस्यले कहिले काहिमात्र चासो राख्नु । विद्यार्थीहरूलाई विद्यालय व्यवस्थापन समितिले गर्ने अवलोकन बारेमा थाहाँ नहुनु । विद्यार्थी र विद्यालय व्यवस्थापन समिति बिच छलफल अन्तरक्रिया नहुनु । स्रोत व्यक्तिलाई विद्यालयको कार्यक्रम र बैठकमा कहिले काहि मात्र आमन्त्रण गर्नु । विद्यालयले गर्ने अन्तरक्रिया वर्षमा न्यून हुने गरेको भएतापनि वि.व्य.स.को बैठक व्यवस्थित हुनु । भौतक निर्माणमा विद्यालयको आन्तरीक स्रोतको पनि परिचालन हुनु । विद्यालयको भौतिक सुधार मर्मत सम्भारमा वि.व्य.स. को सहयोगमा बृद्धि हुनु । विद्यालयको कक्षा कोठाको अवस्थामा सुधार हुनु । खेल मैदान र खेलकुद सामग्रीको सम्बन्धमा सुधार नहुनु । विद्यालयको भवनको अवस्था मध्यम स्तरको हुनु । विद्यालयमा व्यवस्थपान समिति गठन हुनु । टाठा बाठा अभिभावकहरूले वि.व्य.स. मा प्रभुत्व जमाउनु । विद्यालयमा पुस्तकालय, शौचालय व्यवस्थित नहुनु । घेरा बेरा, खेल सामग्री र खाने पानी प्रयाप्त नहुनु । प्रयाप्त मात्रामा जि.सि.का.बाट निरीक्षा तथा अनगमन नहुनु ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्ति तथ्यहको विश्लेषणको आधारमा निम्न लिखित निष्कर्ष पाइएको छ । अध्ययन क्षेत्र भित्र पर्ने सामुदायिक विद्यालयको भावन र कक्षाकोठा राम्रो देखियो, डेक्स बेन्च विद्यार्थीको उमेर अनुसार पाइएन भने फर्निचरको अभाव देखियो ।

सामुदायिक विद्यालयको भौतिक सुधारको अधिकांस आर्थिक हिस्सा सरकारी क्षेत्रको रहेको देखियो । कतिपय विद्यालयका वि.व्य.स को विद्यालय प्रतिको दायित्व र जिम्मेवारीमा अभाव रहेको देखियो । विद्यालयका वि.व्य.स., प्र.अ., समुदाय र सरोकारवालाहरू संग अन्तरक्रिया अभाव देखियो । यस अध्ययनको क्षेत्रमा पर्ने विद्यालयहरूमा समयमानै विद्यालय व्यवस्थापन समिति गठन भएको पाइयो । भौतिक निर्माणमा भवन, फनिचर, खाने पानी,

शौचालयको राम्रो प्रवन्ध भएपनि खेल मैदान, खेल सामग्री र घेरा बेरामा सुधार गर्नुपर्ने पाइयो । वि.व्य.स. सक्रिय रहेको विद्यालयको भौतिक सुधार र शैक्षिक गुणस्पतरमा तुलनात्मक रूपमा सुधार भएको  पाइयो । प्राय सामुदायिक विद्यालयको आनतरीक स्रोत कमजोर रहेको पाइयो । प्रया वि.व्य.स. का पदाधिकारीहरूले व्यक्तिगत स्र्वाथलाई प्रथमिकता दिने गरेको पाइयो । अवलोकनको क्रममा राजनैतिक प्रभावित व्यक्तिहरूनै वि.व्य.स. र सि.अ.सं. को पदाधिकारीमा छनोट भएको पाइयो ।

## ५.३ सुझावहरू

अध्यनबाट प्राप्त प्रमार्णको आधारमा सामुदायिक विद्यालयको भौतिक सुधारमा देखिएका समस्याहरू लाई कम गर्नका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

वि.व्य.स. सि.अ.सं. र प्र.अ.का लागि व्यवस्थापकीय कार्यकुशलता अभिवृद्धिहुने तालिमहरू संचालन गरिनु पर्दछ । वि.व्य.स का पदाधिकारीहरूको चयन गर्दा राजनैतिक प्रभावित व्यक्तिहरू बाट नभएर नि : स्वार्थ भावले अभिप्रेररित भएका समाजसेकीहरू मध्येबाट गरिनु पर्दछ । वि.व्य.स. विद्यालयको सर्वे सर्वा निकाय होइन केवल विद्यालय विकासको सच्चा सहयोगि हो भन्ने सचेतता वि.व्य.स. का पदाधिकारीहरूका ल्याउनु पर्दछ । वि.व्य.स., शिक्षक र अभिभावकबिच समय समयमा अन्तरक्रिया र छलफल भइरहनु पर्दछ । विद्यालयको भौतिक सुधारको लागि आर्थिक स्रोत जुटाउन सरकारी गैरसरकारी संघ संस्था संग अन्तरक्रिया गर्नु पर्दछ । विद्यालयमा प्रदान गरिएको सहयोग रकमको सहि सदुपयोग भए नभएको अनुगमन गर्ने व्यवस्थाहुनु पर्दछ । विद्यालयको भौतिक विकासमा विशेष योगदान गर्ने वि.व्य.स. का पदाधिकारी लाई पुरस्कार दिने व्यवस्था गर्नु पर्दछ । शिक्षामा गरिने लगानी वृद्धि गरिनु पर्दछ । विद्यालयको आर्थिक क्षेत्रलाई सामाजिक परीक्षणद्वारा सार्वजनिक गर्नु पर्दछ ।

# सन्दर्भ ग्रन्थ सूची


आर्चाय, अम्बिकाप्रसाद (२०५५), *नेपालको शैक्षिक सामान्य ज्ञान,* काठमाण्डौं पैखी बुक्स एण्ड स्टेशनरी सेन्टर ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रवहादुर (२०५९) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार* , काठमाण्डौं विद्यार्थी पुस्तक भण्डार

दाहाल, केशवप्रसाद (२०६१) *शिक्षामा विकेन्द्रिकरण र सामुदायमा विद्यालय व्यवस्थापन हस्तान्तरण,* काठमाण्डौं शैक्षिक वर्ष ६ अंक, मकालु प्रकाशन गृह ।

निरौला, सुभाष, (२०६२), *सरकारी विद्यालयमा सामुदाय द्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* काठमाण्डौं : महेन्द्र रत्न क्याम्पस ।

पाण्डे, रामप्रसाद, (२०६७), *प्रवेश : सक्कली अभिभावकलाई मात्र,* जावलाखेल, ललितपुर शिक्षक मासिक, ३(३४) पृ ज्ञानविज्ञान सहकारी संस्था ।

पौडेल, हेमराज, हिमकर (२०६३) *शिक्षा ऐन आठौं संशोधन,* काठमाण्डौंः मकालु प्रकासन गृह ।

राजवंशी, जगतप्रकाश (२०६७), *प्रथमिक विद्यालयको भौतिक सुधारमा व्यवस्थापन समितिको भूमिका अप्रकासीत* ।

विष्ट, मीनवहादुर (२०५०) *शिक्षाको सिद्धान्त* : साझाप्रकाशन ।

सुबेदी, रामकृष्ण,(२०६७, पौष) *सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण : एक परिचय,* काठमाण्डौं : शैक्षिक उन्नयन वर्ष ५, मकालु प्रकाशन गृह ।

श्रेष्ठ, चन्द्रवहादुर र बस्न्यात, संझना (२०६६) *शिक्षाको परिचय, भाग १,* काठमाण्डौं : भुँडी पुराण प्रकाशन

## सामुदायिक विद्यालयको भौतिक सुधार व्यवूथापन समितिको भूमिका

### अनुसूची- १

**(वि.व्य.स र शि.अ. संघका अध्यक्ष सँग सोधिएका प्रश्नावली )**

**विद्यालयको नाम :** **अध्यक्षको नाम :**

सबैभन्दा उपयूक्त उत्तरमा ठीक (√) को चिन्ह लगाउनुहोस

१. तपाईको विद्यालयमा भौतिक सुधार गर्नका लागि आर्थिक स्रोत कहाँबाट जुटाउनु हुन्छ ?

क) आन्तरिक स्रोतबाट ख) सरकारी स्रोतबाट

ग) गैरसरकारी संस्थाबाट घ) समुदायबाट

२. विद्यालयको भौतिक सुधारका लागि समुदाय, शिक्षक, विद्यार्थी र सरोकारवाला पक्षसँग तपाई वर्षमा कतिपटक अन्तरिक्रया गर्नु हुन्छ ?

क) एकपटक ख) दुईपटक ग) तीनपटक घ) चार पटक

३. तपाईको विद्यालयको भौतिक सुधारको अवस्था कस्तो छ ?

क) अति उत्तम ख) उत्तम ग) मध्यम घ) सुधारोन्मुख

४. तपाईको विद्यालयमा कक्षा कोठाको अवस्था कस्तो छ ?

क) प्रयाप्त ख) पुग्ने ग) नपुग्ने घ) धेरै नपुग्ने

५. तपाईको विद्यालयमा विद्यार्थीका लागि खेलमैदान र खेलकुद सामग्रीको अवस्था कस्तो छ ?

क) प्रयाप्त ख) पुग्ने ग) नपुग्ने घ) थाहा छैन

६. तपाईको विद्यालयमा घेरा वेरा, हौचालय र खानेपानीको अवस्था कस्तो छ ?

क) व्यवस्थित ख) अव्यवस्थित ग) जिर्ण घ) नभएको

७. तपाईको विद्यालयमा फर्निचर र कक्षा कोठाको उपलब्धता को अवस्था कस्तो छ ?

क) प्रयाप्त ख) अप्रयाप्त ग) काम चल्ने घ) थाहा छैन

## सामुदायिक विद्यालयको भौतिक सुधार व्यवस्थापन समितिको भूमिका

### अनुसूची-२

(छनौट भएका सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षक, शिक्षिका संग सोधिएको प्रश्नावली)

विद्यालयको नाम :

प्र.अ. तथा शिक्षक,शिक्षिकाको नाम :

शिक्षण अनुभव वर्ष :.........................

सबैभन्दा  बढी उपयूक्त उत्तरमा ठीक (√) को चिन्ह लगाउनुहोस ।

१. विद्यालय व्यवस्थापन समितिले विद्यालयको भौतिक सुधारमा कुन कुन कुरामा सहयोग पुऱ्याएको छ ?

क) आर्थिक स्रोत जुटाउन    ख) सरोकारवाला पक्षसंग छलफल गर्ने

ग) आवश्यक सामग्रीहरु खरिद गर्ने    घ) निर्माण निरिक्षण अनुगमन गर्न

२. विद्यालयको भौतिक निर्माणका कार्यमा व्यवस्थापन समितिका पदाधिकारीको उपस्थिति कस्तो हुन्छ ?

क) प्रत्यक पटक    ख) कहिले काही    ग) धेरैकम    घ) हुदै हुदैनन्

३. विद्यालयको भौतिक निर्माणमा व्यवस्थापन समितिले कुन कुन पक्षसंग अन्तरक्रिया गर्दछ ?

क) समुदाय संग    ख) सरोकारवालाा पक्षसंग

ग) गैरसरकारी संस्थासंग    घ) सबै संग

४. वि.व्य.स. का पदाधिकारीहरु विद्यालयको अवलोकन निरीक्षणमा वर्षमा कति पटक आउछन ?

क) एक पटक    ख) दुई पटक    ग) तीन पटक    घ) आउदैनन्

५. विद्यालको भौतिक अवस्थावारे विद्यालय व्यवस्थापन समितिका कतिजना सदस्यले जानकारी लिनेगरेका छन् ?

क) दुई जना    ख) पाँच जना

ग) सबै जना    घ) कोही पनि छैन

६. विद्यालय व्यवस्थापन समितिका सदस्यहरु भौतिक सुधारमा कतिको पहल गर्दछन ?

क) प्रयासरत ख) कहिले काहि ग) धेरै पटक घ) गर्दै गर्दैनन्

७. विद्यालयको कार्यक्रम वा बैठकमा स्रोत व्यक्तिलाई आमान्त्रित गर्ने चलन छ ?

क) प्रत्यकपटक ख) धेरै पटक ग) कहिले काहि घ) बोलाइदैनन्

८. विद्यालयका भवनहरु शिक्षण वातावरणका लागि कतिको उपयूक्त छ ?

क) अतिउत्तम ख) उत्तम

ग) मध्यम घ) काम चलाउ

९. प्रभावकारी अध्ययन अध्यापन गराउन के कारणको कठिनाई हुने गरेको छ ?

क) शैक्षिक सामग्री नभएकोले ख) तालिम नभएकोले

ग) कठिन विषय वस्तुभएकोले घ) भौतिक अप्रयाप्त भएकोले

## सामुदायिक विद्यालयको भौतिक सुधार व्यवस्थापन समितिको भूमिका

### अनुसूची-३

(विद्यार्थी सँग सोधिएको प्रश्नावली )

विद्यार्थीको नाम थर :

ठेगना : कक्षा :

सबैभन्दा बढी उपयूक्त उत्तरमा ठीक (√) को चिन्ह लगाउनुहोस ।

१. विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु विद्यालय अवलोकन गर्न आउछन ?

क) आउदैनन् ख) थाहाँ छैन्

ग) नियमित आउछन घ) कहिले काँही आउछन

२. विद्यालय व्यवस्थापन समिति र विद्यार्थी विच छलफल बर्षमा कति पटक हुन्छ ?

क) नियमित गर्दछन ख) कहिले काँही गर्दछन

ग) गर्दैनन् घ) थाहाँ छैन्

३. विद्यालयको कस्तो भौतिक निर्माण कार्यमा व्यवस्थापन समितिका सदस्य रेखदेख गर्न आउछन् ?

क) भवन निर्माण ख) फर्निचर मरम्मत निर्माण

ग) शौचालय निर्माण घ) घेरावेरा

४. तपाइहरुलाई बस्नका लागि डेस्क बेन्च प्रयाप्त र उपयूक्त छन् ?

क) छन ख) छैनन् ग) अप्रर्याप्त घ) नाममात्रको छ

५. बर्षा हुने बेलामा तपाईको विद्यालयमा पढाई हुन्छ ?

क) सबै कक्षा कोठामा हुन्छ ख) अधिकांश कक्षा कोठामा हुन्छ

ग) केही कक्षा कोठामा हुन्छ घ) हुदैन्न

## सामुदायिक विद्यालयको भौतिक सुधार व्यवस्थापन समितिको भूमिका

### अनुसूची-४

**(स्रोतब्यक्तिसँग सोधिएको प्रश्नवाली)**

**स्रोतब्यक्तिको नाम** :

**स्रोतकेन्द्रको नाम** :

**शैक्षिक योग्यता** :

**ठेगाना** :

सबैभन्दा बढी उपयूक्त उत्तरमा ठीक (√) को चिन्ह लगाउनुहोस ।

१. सामुदायिक विद्यालयको भौतिक निर्माणमा कसको सक्रियता बढी हुनुपर्दछ ?

क) समुदायको ख) प्र.अ. को

ग) वि.व्य.स.को घ) निर्माण समितिको

२. सामुदायिक विद्यालयको भौतिक निर्माणमा बहाँबाट आर्थिक स्रोत जुटाउनु राम्रो हुन्छ ?

क) समुदायबाट ख) गा.वि.स. बाट

ग) शिक्षाकार्यलयबाट घ) गैरसरकारी संस्थाबाट

३.तपाईको स्रोत केन्द्रमा रहेको सामुदायिक विद्यालयको भौतिक सुधारको अवस्था कस्तो छ ?

क) व्यवस्थित ख) अव्यवस्थित

ग) सन्तोषजनक घ) सुधार गर्नुपर्ने

४. तपाई आफ्नो स्रोतकेन्द्रका विद्यालय कहिले अनुगमन गर्नुहुन्छ ?

क) वर्षमा एक पटक ख) वर्षमा २ पटक

ख) वर्षमा ३ पटक घ) प्राय जसो

५. तपाईको स्रोत केन्द्र अन्तर्गतका विद्यालयमा शैक्षिक तथा आर्थिक क्रियाकलाप गर्न भौतिक अवस्था कस्तो छ ?

क) सहज ख) असहज

ग) कठिन घ) अतिकठिन

६. तपाईको स्रोत केन्द्र अन्तर्गतका सामुदायिक विद्यालयको विद्यार्थीको उपस्थितिको अवस्था कस्तो छ ?

क) अध्यधिक　　ख) सन्तोषजनक

ग) न्यून　　घ) अतिन्यून

७. तपाईको स्रोत केन्द्रका विद्यालयमा प्रतियोगितात्मक कार्यक्रम कसको सभापतित्वमा सुम्मपन्न हुन्छ ?

क) वि.व्य.स.को अध्यक्षको　　ख) स्रोत व्यक्तिको

ग) प्र.अ.को्　　घ) विद्यार्थीको